# Soaltee Hotel Limited

२०८१ माघ २ गते

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा,
काठमाण्डौं ।

**विषयः** **५०औं वार्षिक साधारण सभाको माईन्यूट पठाएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको ५०औं वार्षिक साधारण सभा यहि **मिति २०८१ पौष ४ तदनुसार १९ डिसेम्बर २०२४** गते विहिबारका दिन **बिहान ११.०० बजे** शुरु भई **नेपाल प्रज्ञा–प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी, काठमाडौं, नेपालमा** विधिवत सम्पन्न भएको व्यहोरा अनुरोध गर्दै उक्त **५०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)** यसै पत्र साथ संलग्न गरी तहांको जानकारीका लागि पठाएको व्यहोरा अनुरोध छ ।

कम्पनीको ५०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको निम्ति मिति २०८१ पौष १७ गते बुधबार **आर्थिक राष्ट्रिय** दैनिकमा प्रकाशित गरिसकेको जानकारी अनुरोध छ ।

साथै, उपरोक्त अनुसारको **५०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)** ताहां नेपाल नेपाल स्टक एक्सचेन्ज लि. को NOTS को E_Filing System मा अपलोड गरि Online Submit गरेको व्यहोरा अनुरोध छ ।

सःधन्यवाद ।

**भवदीय,**

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**संलग्न कागजातहरु :**

१. **५०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को छाया प्रति थान १**

P O Box 3800, Tahachal, Kathmandu, Nepal Telephone : +977-1-4272567, 4273999 Fax : +977-1-4272201, 4272206 E-mail: shl@soaltee.com.np
सोल्टी होटल लिमिटेड, रजिष्टर्ड अफिस ताहाचल, काठमाण्डौ
कम्पनी दर्ता नं. ९६/०३२

Soaltee Hotel Limited

मितिः २०८१ पौष २९
(१३ जनवरी २०२५)

**श्री आदरणीय शेयरधनी महानुभाव,**

सोल्टी होटल लिमिटेडको मिति **२०८१ साल पौष** ४ गते तद्नुसार १९ डिसम्बर २०२४, विहिवारका दिन बिहान ११ बजे, **नेपाल प्रज्ञा प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय,** कमलादी, काठमाडौं, नेपालमा विधिवत सम्पन्न भएको कम्पनीको **५०औं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)** कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको निम्ति नेपाली राष्ट्रिय दैनिक आर्थिक दैनिकमा मिति २०८१ साल पौष १७ गते बुधवार प्रकाशित गरिएको समेत जानकारी गराउदै कम्पनीको **५०औं वार्षिक साधारण सभाको कामकारबाहीको विवरण (माइन्यूट)** को पूर्णपाठको एक प्रति यसै साथ संलग्न गरी पठाएको ब्यहोरा सादर अनुरोध छ ।

स:धन्यवाद ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

भवदीय,

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**संलग्न कागजातहरु :–**

१ ५०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

P O Box 3800, Tahachal, Kathmandu, Nepal Telephone : +977-1-4272567, 4273999 Fax : +977-1-4272201, 4272206 E-mail: shl@soaltee.com.np
सोल्टी होटल लिमिटेड, रजिष्टर्ड अफिस ताहाचल, काठमाण्डौ
कम्पनी दर्ता नं. ९६/०३२

# सोल्टी होटल लिमिटेड

## ५०औं वार्षिक साधारण सभाको

## काम कारबाहीको विवरण

## (माइन्यूट)

१. **वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम सोल्टी होटल लिमिटेड (कम्पनी) को ५०औं वार्षिक साधारण सभा कम्पनीका **कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको** सभापतित्वमा भौतिक तथा अभौतिक भर्चुअल भिडियो कन्फ्रेरेन्स (Virtual Video Conference Medium) माध्यमबाट समेत निम्न मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय**

**मिति:** २०८१ साल पौष ०४ गते तद्नुसार १९ डिसम्बर २०२४, विहिबारका दिन । **स्थान:** नेपाल प्रज्ञा प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी, काठमाडौं । **समय:** बिहान ११ बजे ।

३. **सभाको सूचना तथा संक्षिप्त वार्षिक आर्थिक विवरण प्रकाशन**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ५०औं वार्षिक साधारण सभा सम्बन्धी प्रारम्भिक संक्षिप्त सूचना तथा शेयर दाखिल खारेज कार्यका लागि शेयर दर्ता किताब बन्द रहने सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा २०८१ कार्त्तिक २२ गते तद्नुसार ०७ नोभेम्बर २०२४ विहिबार र मिति २०८१ कार्तिक २५ गते तदनुसार १० नोभेम्बर २०२४ आइतवारका दिन प्रकाशित गरिएको थियो ।

तत्पश्चात्, कम्पनीको ५०औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु, अन्य जानकारीहरु, र कम्पनी ऐन, २०६३ को दफा ८४ मा शेयरधनीहरुलाई संक्षिप्त वार्षिक आर्थिक विवरण सभा सम्बन्धी सूचना प्रकाशित गर्दाको बखत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न सक्ने व्यवस्था भए अनुसार आर्थिक वर्ष २०८०/८१ को संक्षिप्त वार्षिक आर्थिक विवरण तयार पारी लेखापरीक्षकबाट प्रमाणिकृत, संक्षिप्त सञ्चालकहरुको प्रतिवेदन सहितको QR Code मोबाइलबाट स्क्यान गरी हेर्न सकिने संक्षिप्त आर्थिक विवरण सहितको ५०औं वार्षिक साधारण सभाको सूचना प्रथम पटक "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा मिति २०८१ मंसिर ०६ गते तद्नुसार २१ नोभेम्बर २०२४ विहिबारका दिन प्रकाशित गरिएको थियो ।

त्यसैगरी, कम्पनीको ५०औं वार्षिक साधारण सभा सम्बन्धी दोश्रो पटकको सूचना "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा मिति २०८१ मंसिर १३ गते तद्नुसार २८ नोभेम्बर २०२४ विहिबारका दिन पुन: कम्पनीको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन समावेश रहेको QR Code मोबाइलबाट स्क्यान गरी हेर्न सकिने व्यवस्था सहितको ५०औं वार्षिक साधारण सभा सम्बन्धी सूचना शेयरधनीहरुको जानकारीको लागि राष्ट्रिय दैनिकबाट सम्प्रेषण गरिएको थियो ।

साथै, कम्पनीको उपरोक्त ५०औं वार्षिक साधारण सभा सम्बन्धी सबै प्रकाशित सूचनाहरु र आर्थिक वर्ष २०८०/८१ का सबै आर्थिक विवरणहरु कम्पनीको वेव साईट http:www.soalteehotel.com मा समेत हेर्न मिल्ने गरी शेयरधनी महानुभावहरुको अधिकतम जानकारीको लागि अद्यावधिक उपलब्ध रहेका छन् ।

साथै, शेयरधनीहरुको जानकारीको लागि कम्पनीको शेयरधनी दर्ता किताबमा उपलब्ध शेयरधनीहरुको व्यक्तिगत ईमेल आईडीमा समेत ईमेल गरी संक्षिप्त वार्षिक आर्थिक विवरण, QR Code समावेश रहेको कम्पनीको ५०औं वार्षिक साधारण सभा सम्बन्धी विस्तृत सूचना र ५०औं वार्षिक प्रतिवेदन २०८०/८१ को पूर्णपाठ रहेको बिद्युतीय पुस्तक सहितका विवरणहरु समेत सम्प्रेषण गरिएको थियो ।

त्यसैगरि, कम्पनीको ५०औं वार्षिक साधारण सभामा शेयरधनीहरुको अभौतिक माध्यम, भर्चुअल भिडियो कन्फरेन्स भर्चुअल वेबिनारको माध्यमबाट सहभागी हुनका लागि आवश्यक प्राविधिक जानकारी समावेश रहेको भर्चुअल भिडियो कन्फरेन्स वेबिनार रजिष्ट्रेशन र ५०औं वार्षिक साधारण सभामा सहभागी हुने जूम लिंक समेत शेयरधनीहरुलाई सम्प्रेषण गरिएको थियो ।

## ४. छलफलको विषय

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०८०/०८१ (२०२३/२४) का बार्षिक आर्थिक बिवरणहरु, (Financial Statements), २०८१ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को नाफाबाट शेयरधनीहरुलाई लिन मन्जुर तथा चुक्ता पूँजीको २६.८४२१०५२६% (अक्षरमा छब्बीस दशमलव आठ चार दुई एक शून्य पाँच दुई छ) प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ (२०२४/२५) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विषेश प्रस्ताव

५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई १०% (दश प्रतिशत)का दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको शेयर पूंजी वृद्धि गर्ने विशेष प्रस्तावलाई स्विकृत गरी पारित गर्ने;

(क) कम्पनीको अधिकृत पूंजी रु. १,५०,००,००,०००,(अक्षेरेपी एक अर्ब पचास करोड मात्र) प्रति शेयर रु. १०/- का दरको १५,००,००,००० थान साधारण शेयरबाट वृद्धि गरी रु. २,००,००,००,०००, (अक्षेरेपी दुई अर्ब मात्र) प्रति शेयर रु. १०/- का दरको २०,००,००,००० थान साधारण शेयर पुऱ्याउने ।

(ख) कम्पनीको जारी पूंजी रु. १,००,००,००,००० (अक्षेरेपी एक अर्ब मात्र) प्रति शेयर रु. १०/- का दरको १०,००,००,००० थान साधारण शेयरबाट वृद्धि गरी रु. १,५०,००,००,००० (अक्षेरेपी एक अर्ब पचास करोड मात्र) प्रति शेयर रु. १०/- का दरको १५,००,००,००० थान साधारण शेयर पुऱ्याउने ।

७. कम्पनीको संचालक समितिबाट शेयर पूंजी वृद्धि गर्ने विशेष प्रस्ताव भए बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने तथा यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्नुपर्ने भएमा सोका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

(ग) विविध

८. **विविधः अध्यक्षको अनुमति अनुसार ।**

निर्धारित छलफलको विषय सूची (ग) (८) बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभा समक्ष जानकारी गराउनु भयो ।

## ५. उपस्थिति

१. **संचालकहरुको उपस्थितिः**

कम्पनीको ५० औं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम कम्पनीका कार्यकारी अध्यक्ष, **श्री दिनेश बहादुर बिष्ट,** तथा संचालकहरु **श्री युवराज अधिकारी, श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ, श्री प्रकाश बिक्रम खत्री, श्री निरञ्जन कुमार टिवरेवाला, श्री शशि राज पाण्डे,** र **श्रीमती जया राज्य लक्ष्मी शाहज्यूहरुको** उपस्थिति थियो ।

२. **कम्पनीका पदाधिकारीहरुको उपस्थिति**

कम्पनीको ५०औं वार्षिक साधारण सभामा कम्पनीका उपाध्यक्ष, **श्री सुदर्शन चापागाई,** दी सोल्टी काठमाण्डौंका महाप्रबन्धक **श्री अभिनाश देशमुख,** कम्पनी सचिव **श्री लिल बहादुर खत्री,** वित्त निर्देशक **श्री मुक्तिनाथ श्रेष्ठ,** फ्लाइट सर्विसेजका महाप्रबन्धक - फ्लाइट सर्विसेज, **श्री विवेक टी नाम्बियर,** दी सोल्टी काठमाण्डौंका वित्त नियन्त्रक **श्री नरेन्द्र न्यौपाने,** क्लष्टर प्रबन्धक सूचना प्रविधि, **श्री निराजन रत्न शाक्य,** बैधानिक लेखापरीक्षक श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउण्टेण्टस्, लेखापरीक्षकको तर्फबाट वरिष्ठ साझेदार, सि ए **श्री जितेन्द्र ब.राजभण्डारी,** र सि ए **किरण डंगोल,** शेयर रजिष्ट्रार एन आई एम बि एस क्यापिटल लि. को तर्फबाट महाप्रबन्धक, **श्री सचिन्द्र ढुंगाना,** र एशूअन्स तथा रजिस्ट्रार इग्ज़ीक्यूटिव, **श्री रेखा पन्त** ज्यूहरुको उपस्थिति थियो ।

३. **शेयरधनीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | कुल शेगरधनीहरुको उपस्थिति संख्या | ७२१ |

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

| विवरण | कुल शेयरधनी (शेयर रजिष्टर अनुसारको संख्या) | जम्मा शेयरधनीहरुको उपस्थिति | कुल शेयरधनीहरुको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरुको भर्चुवल तथा भौतिक उपस्थिति संख्या | १८,१८३ | ७२१ | ३.९७% |

| विवरण | कुल शेयर संख्या (शेयरधनीहरुले ग्रहण गरेको जम्मा शेयर) | जम्मा शेयरधनीहरुको उपस्थितिको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ९,२८,९५,३७० | ७,२८,१२,५२१ | ७८.३८% |

## ७. सभाको वैधानिकता

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु तथा लेखापरीक्षक, एवं उपस्थित कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ५०औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ५०औं वार्षिक साधारण सभा गर्नका लागि शेयरधनीहरुको संख्या भर्चुवल र भौतिक गरी जम्मा ७२१ जना र कुल शेयर संख्याको ७८.३८ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार

५०औं वार्षिक साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

**८. सभाको सभापतित्व र सभा संचालन**

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम ५०औं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले गर्नुहुने जानकारी गराउँदै बिहान ११.०० बजे कम्पनीको ५०औं वार्षिक साधारण सभाको काम कार्यवाही संचालन गर्न सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नुभयो । तत्पश्चात्, सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नुहुँदै ५०औं वार्षिक साधारण सभाको कामकार्यवाही अगाडि बढाउनु भयो ।

**९. अध्यक्षज्यूको मन्तव्य**

कम्पनीको ५०औं वार्षिक साधारण सभालाई आफ्नो मन्तव्य प्रकट गर्नुहुँदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले ५०औं वार्षिक साधारण सभामा भौतिक रुपमा र अनलाइन भर्चुअल भिडियो कन्फेरेन्सको माध्यमबाट समेत उपस्थित हुनुभएका शेयरधनी महानुभावहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिनन्दनका साथ अध्यक्षको मन्तव्य प्रकट गर्नुभयो ।

सभापतिज्यूले आतिथ्य सत्कार तथा पर्यटकीय क्षेत्रका अन्तर्राष्ट्रिय गतिविधिहरूमा आएको विश्वव्यापी सुधारले विश्वभरी नै पर्यटक आगमनमा तिब्र अभिबृद्धि भईरहेको बताउनु भयो । नेपाल उदियमान दुई अर्थतन्त्र एवं विश्वको एक तिहाई जनसंख्याको बीचमा अवस्थित विश्वको अप्रतिश्पर्धि अद्धितीय पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुँदै गएको र विश्वका अतुलनीय पर्यटक गन्तव्य मध्येको एक आकर्षक, अतुल्य र रमणीय गन्तब्य रहेको छ भन्नु भयो । नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक, पौराणिक र परम्परागत धार्मिक सम्पदाहरुको संरक्षण तथा प्रबर्द्धन गर्दै सुरक्षित, रमणीय, आकर्षक, अतुल्य, एवं दीगो पर्यटकीय गन्तव्यको विकास अपरिहार्य रहेको उल्लेख गर्नु भयो ।

आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) मा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको बढेको तथा कम्पनीले अघिल्लो आर्थिक वर्षको तुलनामा खुद मुनाफा बढेको जानकारी सभा समक्ष गराउनु भयो । चालु आर्थिक वर्षको ३० सेप्टेम्बर २०२४ सम्मको अवधीमा पनि होटेलले गत आर्थिक वर्षको सोही मितिको कुल आम्दानीको तुलनामा बढेको सभा समक्ष जानकारी गराउनु भयो ।

सञ्चालक समिलि आर्थिक वर्ष २०८०/८१ को खुद मुनाफालाई मध्यनजर गर्दै कम्पनीको पूर्ण चुक्ता शेयर पूँजीको २६.८४२१०५२६% (प्रतिशत) का दरले नगद लाभांश तथा पूर्ण चुक्ता शेयर पूँजीको १०% (प्रतिशत) बोनश शेयर वितरण गर्न सिफारिश गरेको जनकारी गराउनु भयो । समग्रमा समिक्षा आर्थिक वर्षमा कम्पनीका शेयरधनीहरुले ३६.८४२१०५२६% (प्रतिशत) का दरले लगानी गरे बापतको प्रतिफल प्राप्त गर्नुहुने उल्लेख गनुभयो ।

कम्पनीको व्यवस्थापन पक्ष, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको जानकारी गराउदै कम्पनीका कर्मचारीहरुको अद्भुत कार्यदक्षता र कार्यक्षमताको प्रदर्शनका लागि हार्दिक आभार, कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो । शेयरधनी महानुभावहरुबाट प्रत्येक वार्षिक साधारण सभामा अधिकतम संख्यामा उपस्थित हुनुभई कम्पनीलाई प्रदान गर्नु भएको अमूल्य तथा महत्वपूर्ण सुझाव र सल्लाह तथा कम्पनीको संचालक समिति र व्यवस्थापन प्रति देखाउदै आउनु भएको विश्वास एवं भरोसा, नैतिक सहयोग र समर्थन प्रति सञ्चालक समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्नु हुदै हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो । स्वदेशी तथा विदेशी पाहुनाहरु, व्यवसाय प्रदान गर्ने सहयोगीहरु, नेपाल सरकार, ट्राभल एजेन्सीहरु, नियामक निकायहरु, उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु, र सञ्चालक समितिका सदस्यज्यूहरुबाट प्राप्त असिम विश्वास एवं भरोसा प्रति हृदय देखि नै आभार, हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति

### (क) सामान्य प्रस्ताव

कम्पनीको ५०औं वार्षिक साधारण सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले आफ्नो मन्तव्य पश्चात् सभाको पूर्व निर्धारित छलफलका विषयसूची बमोजिम संचालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको लागि विषयसूची नम्बर (क) (१) र (क) (२) अनुसार क्रमशः प्रस्तुत गर्नुभयो ।

१. आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) का वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०८१ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।

## ११. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) का वार्षिक आर्थिक विवरणहरु (Financial Statements), २०८१ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को वित्तीय विवरणहरु समेत समावेश रहेको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) र तत्सम्बन्धी टिप्पणीहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तव्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नु भयो ।

तत्पश्चात् उपस्थित शेयरधनी महानुभावहरु मध्येबाट उच्च प्रतिफल प्रदान गर्ने प्रस्तावलाई सराहना गर्नुहुँदै धन्यवाद दिँदै शेयरधनी (१) श्री ईन्द्र कृष्ण श्रेष्ठ (२) श्री ईन्द्र प्रसाद लामिछाने, (३) श्री कुवेर लाल श्रेष्ठ, (४) श्री ब्यास कुमार शर्मा, (५) श्री जयन्द्र मान सिहं बानियाँ, (६) श्री गुण राज भट्ट, (७) श्री बिजय बहादुर श्रेष्ठ, (८) श्री रोज कुमार श्रेष्ठ, (९) श्री नरसिंह लाल चाखुन, (१०) श्री दशरथ रिसाल, (११) श्री जीवन लाल बज्राचार्य, (१२) धुव्र राज न्यौपाने, (१३) श्री लब राज जोशी, (१४) श्री नवराज जोशी, (१५) श्री उत्सव सुन्दर श्रेष्ठ, (१६) श्री दिनेश नारायण श्रेष्ठ, (१७) श्री निरुपमा गुप्ता, (१८) श्री राम कृष्ण पन्त, (१९) श्री कृष्ण प्रसाद अधिकारी, (२०) श्री राम गोपाल महर्जन, र (२१) श्री लक्ष्मण बहादुर श्रेष्ठले भौतिक माध्यमबाट सहभागी हुनुहुँदै आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु प्रकट गर्नुभएको थियो ।

## १२. सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्नो मन्तव्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, वक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नुभएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले समग्रमा एकमुष्ठ रुपमा प्रत्युत्तर दिनु भयो ।

## १३. सभाको निर्णय

### (क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

निर्धारित छलफलको विषय सूचि नम्बर (क)(१) अनुरुप सभामा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४)को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट **संचालक समितिको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को वार्षिक प्रतिवेदन** पारित गऱ्यो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) का वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०८१ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) का वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०८१ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल पश्चात् स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. **कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को नाफाबाट शेयरधनीहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको २६.८४२१०५२६ % (अक्षरमा छब्बीस दशमलव आठ चार दुई एक शून्य पाँच दुई छ) प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क)(३) बमोजिम कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको आर्थिक वर्ष २०८०/०८१ (२०२३/२४) को नाफाबाट शेयरधनीहरुलाई चुक्ता पूँजीको २६.८४२१०५२६ (अक्षरमा छब्बीस दशमलव आठ चार दुई एक शून्य पाँच दुई छ) प्रतिशत का दरले नगद लाभांश प्रदान गर्न गरेको सामान्य प्रस्तावलाई स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा ५०औं वार्षिक साधारण सभाले उल्लिखित प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

४. **कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ (२०२४/२५) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) (४) अनुरुप कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) का लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावको सम्बन्धमा आर्थिक बर्ष २०८१/८२ (२०२४/२५) को लागि कम्पनीको लेखापरिक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले ५०औं बार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा छलफल पश्चात सभाले लेखापरीक्षण समितिको सिफारिश भए बमोजिम **श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउण्टेण्टस्,** (J. B. Rajbhandary & DiBins, Chartered Accountants) काठमाण्डौंलाई आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) का लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. ४,९५,०००/- (अक्षेरुपी चार लाख पन्चानब्बे हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण

शुल्क) भुक्तानी पाउने गरि कम्पनीको बैधानिक लेखापरिक्षण र कम्पनीका सबै आवश्यक अनुपालन प्रतिवेदनहरुको परीक्षण र प्रमाणीकरण तथा सोही आर्थिक बर्ष २०८१/८२ (२०२४/२५) को कर लेखापरीक्षणको लागि **मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. १,१०,०००/–** (अक्षेरुपी एक लाख दश हजार मात्र) कर लेखा परिक्षण पारिश्रमिक (कर लेखापरीक्षण शुल्क) भुक्तानी पाउने गरि कम्पनीको **बैधानिक लेखापरीक्षक तथा कर लेखापरीक्षक** नियुक्त गर्ने प्रस्तावलाई ५०औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

सो प्रस्तावको प्रस्तुती सभाका सभापतिको अनुमतीले लेखापरीक्षण समितिको तर्फबाट सञ्चालक तथा समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष प्रस्तुत गर्नु भएको थियो ।

**(ख) विशेष प्रस्ताव**

**५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई १० (दश प्रतिशत) का दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।**

निर्धारित विषय सूची (ख) ५ अनुरुप कम्पनीको संचालक समितिबाट सिफारिश भए बमोजिम कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई १०% (दश प्रतिशत) का दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजी (Subscribed and Fully Paid up Capital) बृद्धि गर्न स्वीकृत गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभएकोमा, सभाले विशेष प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई १० % (दश प्रतिशत) बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो तथा सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजी (Subscribed and Fully Paid up Capital) लाई बृद्धि गर्ने प्रस्तावलाई समेत सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

साथै, उपरोक्त अनुसार कम्पनीले शेयरधनीहरुलाई बोनश शेयर जारी गर्दा, कम्पनीले विगत देखि निरन्तर रुपमा अपनाउँदै आएको नीति अनुसार ०.५० देखि ०.९९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीबाट बाँकी शेयर बराबरको शेयरको अंकित (परल) मुल्य लिई १ कित्ता शेयर साबिक शेयरधनीलाई दिने र ०.१ देखि ०.४९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीहरुलाई भिन्न अंकको लागि शेयरको अंकित (परल) मुल्य बराबरको बाँकी रकम साबिक शेयरधनीलाई नगद फिर्ता दिइने गरी बोनस शेयर वितरण गरिनेछ ।

**६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको शेयर पूंजी वृद्धि गर्ने विशेष प्रस्तावलाई स्विकृत गरी पारित गर्ने;**

**(क) कम्पनीको अधिकृत पूंजी रु. १,५०,००,००,०००,(अक्षेरेपी एक अर्ब पचास करोड मात्र) प्रति शेयर रु. १०/- का दरको १५,००,००,००० थान साधारण शेयरबाट वृद्धि गरी रु. २,००,००,००,०००,(अक्षेरेपी दुई अर्ब मात्र) प्रति शेयर रु. १०/- का दरको २०,००,००,००० थान साधारण शेयर पुऱ्याउने ।**

**(ख) कम्पनीको जारी पूंजी रु. १,००,००,००,००० (अक्षेरेपी एक अर्ब मात्र) प्रति शेयर रु. १०/- का दरको १०,००,००,००० थान साधारण शेयरबाट वृद्धि गरी रु. १,५०,००,००,००० (अक्षेरेपी एक अर्ब पचास करोड मात्र) प्रति शेयर रु. १०/- का दरको १५,००,००,००० थान साधारण शेयर पुऱ्याउने ।**

निर्धारित विषय सूची (ख) ६ अनुरुप कम्पनीको संचालक समितिबाट सिफारिश भए बमोजिम कम्पनीको शेयर पूंजी वृद्धि गर्ने सम्बन्धी विशेष प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर विष्टज्यूले ५०औं बार्षिक साधारणसभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा, सभाले कम्पनीको शेयर पूंजी वृद्धि गर्ने सम्बन्धी देहाय बमोजिमका विशेष विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गर्यो:–

(क) कम्पनीको अधिकृत पूंजी रु. १,५०,००,००,०००,(अक्षेरेपी एक अर्ब पचास करोड मात्र) प्रति शेयर रु. १०/- का दरको १५,००,००,००० थान साधारण शेयरबाट वृद्धि गरी रु. २,००,००,००,०००,(अक्षेरेपी दुई अर्ब मात्र) प्रति शेयर रु. १०/- का दरको २०,००,००,००० थान साधारण शेयर पुऱ्याउने विशेष प्रस्ताव सर्वसम्मतिबाट स्विकृत गरी पारित गर्यो ।

(ख) कम्पनीको जारी पूंजी रु. १,००,००,००,००० (अक्षेरेपी एक अर्ब मात्र) प्रति शेयर रु. १०/- का दरको १०,००,००,००० थान साधारण शेयरबाट वृद्धि गरी रु. १,५०,००,००,००० (अक्षेरेपी एक अर्ब पचास करोड मात्र) प्रति शेयर रु. १०/- का दरको १५,००,००,००० थान साधारण शेयर पुऱ्याउने विशेष प्रस्ताव सर्वसम्मतिबाट स्विकृत गरी पारित गर्यो ।

७. **कम्पनीको संचालक समितिबाट शेयर पूंजी वृद्धि गर्ने विशेष प्रस्ताव भए बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने तथा यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्न पर्ने भएमा सोका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।**

निर्धारित विषय सूची (ख) ७ अनुरुप कम्पनीको संचालक समितिबाट शेयर पूंजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित भए बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव सभाबाट पारित गर्नका लागि सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले ५०औं बार्षिक साधारण सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले छलफल पश्चात् उक्त संशोधनको विशेष प्रस्ताव अनुरुप कम्पनीको प्रबन्धपत्रको दफा ५ र नियमावलीको नियम ६ मा निम्न अनुसारका संशोधित दफा र नियम कायम गर्ने गरी संशोधनको विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गर्यो:–

**प्रबन्धपत्र तर्फको संशोधित दफा:**

**कम्पनीको प्रबन्धपत्रको दफा ५ मा संशोधन:**

**कम्पनीको प्रबन्धपत्रको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ:–**

**दफा ५.**

**५. कम्पनीको अधिकृत पूँजी रु. २,००,००,००,०००/– (अक्षेरेपि दुई अर्ब मात्र) हुनेछ । जसलाई रु. १०/– (दश) को दरको २०,००,००,००० (बिस करोड) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ र साधारण सभाको स्विकृती लिई पूँजी बढाउन वा शेयरको किसिम वा शर्त फेर्न वा डिवेन्चर उठाउन पाउनेछ ।**

**कम्पनीको जारी पूँजी रु. १,५०,००,००,००० (अक्षेरेपि एक अर्ब पचास करोड मात्र) हुनेछ, जसलाई रु. १०/– (दश) को दरको १५,००,००,००० (पन्ध्र करोड) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।**

**नियमावली तर्फको संशोधित नियम:**

**कम्पनीको नियमावलीको नियम ६ मा संशोधन:**

**कम्पनीको नियमावलीको साविकको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ:–**

**नियम ६.**

**६. कम्पनीको अधिकृत पूँजी रु. २,००,००,००,०००/– (अक्षेरेपि दुई अर्ब मात्र) हुनेछ । जसलाई रु. १०/– (दश) को दरको २०,००,००,००० (बिस करोड) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ र साधारण सभाको स्विकृती लिई पूँजी बढाउन वा शेयरको किसिम वा शर्त फेर्न वा डिवेन्चर उठाउन पाउनेछ ।**

**कम्पनीको जारी पूँजी रु. १,५०,००,००,००० (अक्षेरेपि एक अर्ब पचास करोड मात्र) हुनेछ, जसलाई रु. १०/– (दश) को दरको १५,००,००,००० (पन्ध्र करोड) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।**

सभाले संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उपरोक्त संशोधन गर्ने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन, सुझाव, तथा संशोधनहरु समेत समायोजन गर्ने र भाषागत फेर बदल गर्नुपर्ने वा सच्याउनु पर्नेभए सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने वा अधिकार प्रत्यायोजन गर्ने निर्णय गर्दै उपरोक्त प्रबन्धपत्र तथा नियमावली लाई संशोधन गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकृत गरी पारित गर्यो ।

**(ग) विविध**

**८. विविधः अध्यक्षको अनुमति अनुसार ।**

निर्धारित छलफलको विषय सूची (ग) (८) बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभा समक्ष जानकारी गराउनु भयो ।

## १४. धन्यवाद ज्ञापन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति एवं कार्यकारी अध्यक्षज्यूले समस्त शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनुभई कम्पनीको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएको, कार्यसम्पादन प्रति सराहना एवं ५०औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई भौतिक र अभौतिक भर्चुवल जुम वेबिनार माध्यमबाट उपस्थित हनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, नियामक निकायबाट पाल्नु भएका महानुभावहरु, आमन्त्रित कम्पनीका पदाधिकारीज्यूहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नुहुने सम्बन्धित सवैलाई हार्दिक धन्यवाद ज्ञापन तथा आभार प्रकट गर्नुभयो ।

## १५. सभा विसर्जन

अन्त्यमा, सभामा छलफलको विषय सकिएकोले सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले दिउँसो ३.१५ बजे कम्पनीको ५०औं वार्षिक साधारण सभाको काम कार्यबाही विसर्जन भएको घोषणा गर्नुभयो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची १

(५०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ९ संग सम्बन्धित)

## अध्यक्षज्यूको मन्तब्य

**आदरणीय शेयरधनी महानुभावहरु, संचालक समितिका सदस्यज्यूहरु, व्यावस्थापन समुहका पदाधिकारीज्यूहरु, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधिज्यू, नियामक निकायका प्रतिनिधिज्यू, कानूनी सल्लाहकारज्यूहरु, र लेखापरीक्षकज्यूहरु, उपस्थित महिला एवं सज्जनवृन्द,**

कम्पनीको ५०औं वार्षिक साधारण सभामा भौतिक तथा VIRTUAL VIDEO CONFERENCE माध्यमबाट समेत उपस्थिति हुनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, तथा उपस्थित महिला एवं सज्जनवृन्दमा संचालक समिति, सम्पूर्ण सोल्टी होटेल परिवार र मेरो तर्फबाट अपार स्नेहका साथ हार्दिक स्वागत तथा अभिनन्दन गर्दछु।

कम्पनीको आर्थिक वर्ष २०८०/८१ को **संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितका वार्षिक आर्थिक विवरणहरु, २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण**, सोही मितिमा समाप्त भएको **नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण, नगद प्रवाहको विवरण**, तथा **शेयर पूँजीमा भएको परिवर्तनको विवरण** र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीको आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको **एकिकृत वार्षिक आर्थिक विवरणहरु**, एवं कम्पनीको तत्सम्बन्धी **व्याख्यात्मक टिप्पणीहरु** समेत समावेश रहेको **५०औं वार्षिक प्रतिवेदन** यहांहरु समक्ष यस सभामा प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त गौरवान्वित भएका छौं ।

आदरणीय शेयरधनी महानुभावहरुमा हामीले कम्पनीको समिक्षा आर्थिक वर्ष २०८०/८१ को आषाढ मसान्त सम्मको वित्तीय स्थितिको विवरण तथा समिक्षा आर्थिक वर्षको कार्यसम्पादन सम्बन्धी आर्थिक विवरणहरु निर्धारित समयमानै यहाँहरु समक्ष सम्प्रेषण गरी सकेका छौं । यहाँहरुले सोको विश्लेषण गरी सक्नु भएकै होला ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

समिक्षा आर्थिक वर्ष २०८०/८१ को मुलुकको उपलब्ध वार्षिक तथ्यांकहरुलाई समिक्षात्मक रुपमा विश्लेषण गर्दा समग्रमा पर्यटकहरुको आगमनमा अभिबृद्धि भएसंगै आतिथ्य उद्योगमा तीब्र सुधार भईरहेको छ । नेपालको आन्तरिक तथा विदेशी पर्यटक आगमनमा पनि उल्लेख्य अभिबृद्धि भएको तथ्यांकले देखाएको छ। नेपाल, भारत, बंगलादेश, र थाइल्यान्डका शहरहरू बीचको सीधा हवाई सम्पर्क र पूर्वाधार सञ्जालको सुदृढीकरणले क्षेत्रीय पर्यटनमा अभिवृद्धि भएको छ। यस क्षेत्रमा सुधारिएको हवाई र सडक सञ्जालले व्यवसायिक पर्यटकहरू तथा भ्रमणार्थिहरु लाई सहज रुपमा यात्रा गर्न सहयोग पुऱ्याएकोले होटल कोठा आरक्षण संख्यामा उल्लेख्य वृद्धि भएको तथ्यांक छ ।

सन् २०२४ को नोभेम्बर महिनाको अन्त्यमा नेपालमा हवाई तथा स्थल मार्गबाट गत वर्षको सोही अवधिमा ९ लाख १८ हजार नेपाल आएको तुलनामा यस अवधिमा लगभग १० लाख ५७ हजार विदेशी पर्यटकहरुले नेपाल भ्रमण गरेका छन् । यो तथ्यांकले नेपालमा विदेशी पर्यटक आगमन तथा देशको पर्यटकीय गतिविधिहरुमा अभिबृद्धि भएको संकेत गर्दछ । नेपालको समृद्ध सांस्कृतिक सम्पदा, पदमार्गहरू, मनोरम पर्वतीयमाला, रमणीय प्राकृतिक दृश्य, हिमाली ताल झरनाहरु र पौराणिक महत्व बोकेका धार्मिक स्थलहरूको कारण दक्षिण एसियाली पर्यटन प्याकेजहरूमा नेपाल गन्तब्य समावेश रहेको छ जसले गर्दा देशका होटेलहरूको ओक्युपेन्सी दरमा महत्वपुर्ण अभिबृद्धि हुनमा योगदान पुगेको छ। नेपालका विविध भू-परिदृश्यहरु, सांस्कृतिक सम्पदाहरू, तथा पर्यावरण मैत्री स्वच्छ मौसमबाट स्वास्थ्य लाभका लागि भ्रमण गर्ने पर्यटक, पदयात्री, र आध्यात्मिक साधकहरूका लागि नेपाल गन्तब्य आर्कषणको केन्द्र बनेकोछ।

नेपालको आन्तरिक आतिथ्यता अर्न्तगत आन्तरिक पर्यटनमा समेत महत्वपूर्ण परिर्वतन परिलक्षित भएको छ । परिणामत पर्यटन नीति, पर्यटनका पूर्वाधारहरुको विकास, र विकसित पर्यटनका प्रवृत्तिहरुको पृष्टभुमीमा नेपालको आन्तरिक पर्यटन समेत अग्रदिशामा गतिशिल छ। नेपालले पर्यटन उद्योगलाई आर्थिक समृद्धिको प्रमुख साधनका रूपमा महत्व दिदै पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन अभियान, देशका सांस्कृतिक सम्पदा स्थलहरुको संरक्षण तथा पर्यटकीय सेवा सुबिधा तथा गन्तव्यहरुमा लगानी बढाई रहेको छ । आतिथ्य क्षेत्रका तारे होटेलहरूले न्यून ऊर्जा खपत गर्ने प्रविधिहरु अपनाउने, प्लास्टिकको प्रयोग घटाउने, स्थानीय पदार्थहरुको खपत तथा अधिकतम प्रयोगमा प्राथमिकता दिईरहेका छन्।

विश्व पर्यटनमा आएको विश्वव्यापी सुधारहरुले गर्दा नेपालमा भारत, चीन, र युरोप जस्ता पर्यटकीय बजारहरूबाट अन्तर्राष्ट्रिय पर्यटकहरूको आगमन संख्यामा उल्लेखनीय अभिवृद्धि भएको छ। विश्व पर्यटनमा आगमन संख्याको वृद्धि भएसंगै सम्पूर्ण आतिथ्य उद्योगमा सकारात्मक प्रभाव परेको छ। नेपालका बुटिक होटेल र पर्यावरण मैत्री इको-रिसोर्टहरुमा पर्यटक आगमनमा महत्वपूर्ण अभिबृद्धि भएको परिप्रेक्ष्यमा आतिथ्य उद्योगमा प्रतिस्पर्धाको वातावरण सृजित भएको छ। होटेलमा उपलब्ध हुने विविध सेवा सुविधाहरुको विकास तथा विस्तार, सांस्कृतिक अनुभव तथा वेलनेस सुविधाहरुलाई परिमार्जन गर्दै नौला र अद्वीतीय अतिथि अनुभवहरुका आयामहरुको थप बृद्धि गर्न र भएका सेवा सुविधाहरु सुदृढ पार्न आतिथ्य क्षेत्र तदारुकताका साथ प्रयासरत रहेको छ ।

नेपाल भौगोलिक रुपमा विश्वको एक तिहाई जनसंख्या बसोबास गर्ने विशाल देशहरु चीन र भारत जस्ता उदियमान अर्थतन्त्र बीच अवस्थित छ। पर्यटनका लागि नेपाल एउटा विश्वको अप्रतिशपर्धि अद्धितीय पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुँदै गरेको विश्वका अतुलनीय पर्यटक गन्तव्य मध्येको एक उत्कृष्ट, आकर्षक तथा अतुल्य गन्तब्य हो जहाँ हिमश्रृंखला, सुन्दर तथा मनमोहक पर्वतमाला, हिमाली संस्कृति र

पर्वतीय संग्रहालयहरु, पर्यापर्यटन, पदयात्रा, मनोरम प्राकृतिक दृश्य, समतल घना बन जंगल पशुपन्छीको विविधता सहितको उर्वर तराई र साहासिक पर्यटन जस्ता सबै प्रकारका पर्यटकीय आकर्षण उपलब्ध छन् । देशको पर्यटन विकास, पर्यटन प्रवर्द्धन तथा आतिथ्य सत्कार उद्योगको सफलतामा मुलभुत रुपमा राम्रो अर्न्तराष्ट्रिय छवी, पर्यटनका पूर्वाधारहरुमा यथेष्ठ लगानी, सशक्त पर्यटन प्रवर्द्धन तथा व्यावसायीक बजार व्यवस्थापन तथा गुणस्तरीय पर्यटन सेवा सुविधाहरुको यथोचित उपलब्धतामा निर्भर रहन्छ ।

विश्व पर्यटन संगठनको पछिल्लो तथ्याङ्क अनुसार अन्तर्राष्ट्रिय पर्यटन आगमन लगभग पूर्ण रूपमा कोभिडको अभूतपूर्व संकटको अवस्थाबाट रिकभरी भइसकेको उल्लेख गरेकोछ । विश्वका धेरै पर्यटक गन्तव्यहरूमा पर्यटन पूर्वावस्थामा फर्किसकेको छ । विश्वका अतिविकसित र ठूला पर्यटन श्रोत बजारहरूमा विश्व पर्यटनका लागि भ्रमणमा निश्कने पर्यटकहरुबाट नेपाल जस्ता रोमान्चक, रमणीय र अतुल्य गन्तव्यहरुको तिब्र माग भईरहेको अवस्था छ । विश्वव्यापी रुपमा व्यावसायीक कार्यका लागि भ्रमण गर्ने पर्यटकहरुले आतिथ्य क्षेत्रमा अपेक्षित भन्वा धैरै राम्रो कोठा बसाई आपूर्ति गरेको छ र व्यावसायीक कार्यका लागि भ्रमण बजार क्षेत्रले आतिथ्य उद्योगको अपेक्षा अनुकुल अभिबृद्धि भएको पाईएको छ । यसले पर्यटन बाहेक पनि आतिथ्य उद्योगका अन्य नयाँ बजार विकसित तथा सृजित हुँदै गरेको संकेत गर्दछ ।

आर्थिक वर्ष २०८०/८१ मा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा १०.८१ प्रतिशतले बढेको छ । समिक्षा आर्थिक वर्षमा कम्पनीको कूल आम्दानी अघिल्लो आर्थिक वर्षको २ अर्ब २५ करोड ४६ लाख रुपैंयाँको तुलनामा २ अर्ब ५० करोड रुपैंयाँ भएको छ । कम्पनीको अघिल्लो आर्थिक वर्षमा ८० करोड ७ लाख रुपैंयाँ नगद मुनाफा भएको तुलनामा समीक्षा आर्थिक वर्षमा ८८ करोड ४९ लाख रुपैंयाँ नगद मुनाफा आर्जन गरेको छ । कम्पनीले अघिल्लो आर्थिक वर्षको कर पश्चात ५५ करोड ५० लाख रुपैंयाँ को खुद मुनाफा गरेको तुलनामा समिक्षा आर्थिक वर्षमा कर पश्चात् ६० करोड रुपैंयाँ खुद मुनाफा आर्जन गरेको छ । समिक्षा अर्थिक वर्षमा कोठा अक्यूपेन्सी ५८.१८ प्रतिशत, प्रति कोठा औसत मूल्य दर ९,७७२ रुपैंयाँ र उपलब्ध प्रति कोठा आम्दानी ५,६८५ रुपैंयाँ रहेको थियो ।

चालु आर्थिक वर्षको ३० नोभेम्बर २०२४ सम्मको अवधीमा होटेलको गत आर्थिक वर्षको सोही अवधिमा कुल आम्दानी ८० करोड ३ लाख रुपैंयाँ गरेको तुलनामा ९८ करोड ३८ लाख रुपैंयाँ कुल आम्दानी गरेको छ । सो अवधिमा कोठा अक्यूपेन्सी ६२.३५ प्रतिशत, प्रति कोठा औसत मूल्य दर ९,३८९ रुपैंयाँ र उपलब्ध प्रति कोठा आम्दानी ५,८५४ रुपैंयाँ रहेको छ ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

संचालक समिति र व्यावस्थापन समूहको अत्यन्त राम्रो समन्वय तथा व्यवस्थापकीय कार्यसम्पादनको कार्यकुशलता, व्यावसायीक क्षमता तथा उचित सर्तकता, कर्मचारीहरु र कर्मचारी संगठनहरुको पूर्ण सहयोग समर्थन, तथा कर्मचारीहरुको कार्यप्रतिको सक्षमताको परिणाम स्वरुप विद्यमान प्रतिकुल परिस्थितिका बाबजुद पनि कम्पनीले मुनाफा आर्जन गर्न सफल भएको जानकारी गराउन पाउदा हामीलाई ज्यादै हर्ष लागेकोछ ।

कम्पनीले होटेल संचालन सम्बन्धी खर्चहरुमा अत्यन्तै प्रभावकारी रुपमा मितव्ययीताको नीति अपनाउदै आएको छ जो निरन्तर जारी रहनेछ । हामीले कम्पनीको व्यावस्थापन र संचालन सम्बन्धी खर्चहरुलाई प्रत्येक महिना विश्लेषण गरी अनावश्यक खर्चहरुलाई पूर्ण रुपमा नियन्त्रण गर्ने नीति लिएका छौं । कम्पनीको संचालक समितिले निरन्तर रुपमा सक्रीय भई व्यवसायीक तथा वित्तिय विश्लेषण गर्दै व्यावस्थापन समूहका पदाधिकारीहरुसंग प्रभावशाली र शुक्ष्म विचार विमर्श तथा यथोचित समन्वय गरीरहेको समेत जानकारी गराउन चाहन्छु ।

राष्ट्रिय परिदृश्यमा, पर्यटकीय र आतिथ्य पूर्वाधार होटेलहरुको निर्माणको क्रममा काठमाडौंमा आतिथ्य सत्कार उद्योग अर्न्तगत चार र पाँच तारे होटेलहरुको निर्माण सम्मपन्न भई व्यावस्थापनमा आउने क्रमले तिब्रता पाएको छ । अन्तर्राष्ट्रिय चेन होटेल ब्राण्डहरुको समेत होटेल व्यावस्थापनका लागि नेपाल आगमनमा तीब्रता देखिएको छ । अत: अन्तरदेशीय पर्यटन बजार व्यवस्थापनमा निपूर्ण अन्तर्राष्ट्रिय चेन होटेल व्यावस्थापकहरु संग हाम्रो प्रत्यक्ष प्रतिश्पर्धा हुने गरेको छ । हामीले अन्तर्राष्ट्रिय चेन होटेल व्यावस्थापकहरुको अन्तर्राष्ट्रिय बजार व्यावस्थापन सञ्जाललाई चिर्दै तिब्र प्रतिशपर्धा गर्नुपर्ने अवस्था विद्यमान छ । अन्तर्राष्ट्रिय स्तरमा बजार व्यावस्थापन गर्नेकार्य त्यती सहज छैन । कम्पनीको सोल्टी ब्राण्डलाई मुलुककै पहिलो अन्तर्राष्ट्रिय चेन होटेलको रुपमा विकास गर्ने परिकल्पना साकार पार्न हामी दत्तचित्त भएर समर्पित भएको छौं । हामी तिब्र प्रतिश्पर्धालाई अवसरमा बदल्न सक्षम छौं र भविश्यमा कार्यकुशलता र पूर्ण आत्मबलका साथ पूर्ण क्षमता प्रदर्शन गर्दै यस कार्यमा सफलता प्राप्त गर्ने लक्ष्य प्रति हामी दृढसंकल्प तथा उत्प्रेरित छौं । कम्पनीको सोल्टी ब्राण्ड अन्तर्राष्ट्रिय स्तर र मापदण्डको चेन होटेलको रुपमा स्थापित भई सकेको छ ।

काठमाण्डौं उपत्यकामा मात्रै पाँच तारे लक्जरी र पाँच तारे होटेल, लक्जरी हेरिटेज बुटीक होटेल तथा रिर्सोटसहरु, तथा चार तारे होटेलहरु बीच तिब्र व्यावसायीक प्रतिश्पर्धा भई रहेको परिप्रेक्षमा काठमाडौंमा रहेका पाँच तारे डिलक्स, पाँच तारे, र चार तारे होटेल गरी यस समुहका जम्मा २२ तारे होटेलहरु मध्ये हाल २० होटेलहरु सञ्चालनमा रहेका छन् जसमा लगभग ३,०५९ कोठा तथा लगभग ४,७०० बेड उपलब्ध रहेका छन् । यसका अतिरिक्त पछिल्लो अवधिमा सञ्चालनमा आउन तयारी गरी रहेका नयाँ २ र निर्माणाधिन ६ पाँचतारे होटेलहरु थपिएपछि पाँच र चार तारे होटेलहरुको कुल कोठा संख्या लगभग ३,३६० तथा बेड संख्या लगभग ५,२०० को हाराहारीमा पुग्नेछ । समग्रमा उपलब्ध तथ्यांकहरुलाई विश्लेषण गर्दा आगामी दिनहरुमा काठमाण्डौं उपत्यकामा पाँच तारे, लक्जरी हेरिटेज बुटीक र चार तारे होटेल सेगमेन्टमा अन्तर्राष्ट्रिय चेन होटल व्यावस्थापन सहितका नयाँ होटेलहरु बीच पर्यटकिय बजार व्यावस्थापनमा कडा प्रतिष्पर्धा हुने अनुमान छ । त्यसमा पनि पाँच तारे होटेलहरु बीच तीब्र प्रतिष्पर्धा हुने स्पष्ट संकेत देखिएको छ । यसर्थ आतिथ्य क्षेत्रमा समर्पित पाँच तारे लक्जरी, पाँच तारे र हेरिटेज बुटीक होटेलहरु व्यावस्थापन तथा कार्यसम्पादन निकै चुनौतिपूर्ण हुनेछ ।

हामीले होटेललाई आवश्यक पर्ने राष्ट्रीय तथा अन्तर्राष्ट्रिय बजार व्यावस्थापन तथा कोठा आरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय वितरण प्रणाली बिकसित गरेका छौं । विश्व पर्यटन बजारमा हाम्रो होटेलको बजार व्यवस्थापन सम्बन्धी बिशिष्टताका सबै अवयव तथा तत्वहरुको व्यवस्थालाई सुदृढीकरण गर्दै निर्धारित र अपेक्षित लक्ष्य प्राप्त गर्न हामीलाई अपठ्यारो नपरोसं भन्ने तर्फ हामी सदैव कृतसंकल्प छौं ।

कम्पनीले नेपालका प्रमुख दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट एयरलाइन इनफ्लाइट केटरिंग सेवा संचालन गर्ने अनुमति पत्र प्राप्त गरि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट इनफ्लाइट केटरिंग सेवा संचालन गर्न पूर्ण तयारी अवस्थामा रहेका छौं । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय हवाई उडान सेवा सञ्चालन हुँदा साथ त्यहाँबाट पनि हामीले एयरलाइन इनफ्लाइट केटरिंग सेवा संचालन गर्नेछौं ।

कम्पनीको हिमाल इन्टरनेशनल पावर कर्प कम्पनी प्राइभेट लिमिटेड मार्फत शेयर लगानी रहेको भोटेकोशी जलविद्युत आयोजनाबाट समिक्षा आर्थिक वर्षमा कम्पनीले २७ लाख रुपैंयाँ नगद लाभांश प्राप्त गरेको जानकारी गराउदछु ।

यस कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटि लिमिटेडको लगानी रहेको सोल्टी सिबक्रिम होटल्स एण्ड रिसोर्टस प्रा.लि कम्पनीमा सम्बद्ध होटेल व्यावस्थापन गर्ने कम्पनी स्ट्रीम पीक इन्टरनेशनल प्राइभेट लिमिटेडलाई मर्जर गर्ने कार्य सम्पन्न भई स्ट्रीम पीक इन्टरनेशनल प्राइभेट लिमिटेडको नाम र ब्राण्डबाट उक्त कम्पनीले आफ्नो व्यावसायीक क्रियाकलाप गर्दै आतिथ्य व्यावसाय तथा होटेल व्यावस्थापन गर्ने कार्यलाई निरन्तरता दिएकोछ । यो मर्जर रणनीतिक रुपमा कम्पनीको बृहत्तर विकास तथा व्यावसाय विस्तारको लागि सहजता प्रदान गर्न गरिएको हो । मर्जर पछि कम्पनीको व्यावसायीक आकार ठूलो बन्ने तथा पोर्टफोलियोमा समेत व्यापक विस्तार गरी आतिथ्य क्षेत्रमा कम्पनीको दीर्घकालीन विकास र समृद्धि स्थापित गर्न सकिने परिकल्पना गरिएको छ । स्ट्रीम पीक इन्टरनेशनल प्राइभेट लिमिटेडको स्वामित्व तथा व्यावस्थापनमा रहेको सोल्टी वेस्टेन्ड प्रिमियर नेपालगन्ज नेपालकै पहिलो वातावरण मैत्री लिड प्रमाणित हरित होटेलको रूपमा परिचित छ, जसले आतिथ्य क्षेत्रमा पर्यावरण मैत्री तथा दिगोपनको नयाँ मानक स्थापित गरेको छ ।

सोल्टी हस्पिटालिटि लिमिटेडको स्वमित्वमा रहेका सोल्टी होटेल्स तथा रिर्सोटस लगायत विविध ट्रेडनाम र ट्रेडमार्कहरुको प्रयोग गर्दै नेपालको लुम्बिनी प्रदेशमा **सोल्टी वेस्टेन्ड प्रिमियर नेपालगञ्ज**, र **टाईगर प्यालेश बाई सोल्टी, भैरहवा** बागमती प्रदेशमा **सोल्टी वेस्टेन्ड रिर्सोटस् चितवन** र **सोल्टी वेस्टेन्ड रिर्सोटस् नगरकोट**, कोशी प्रदेशमा **सोल्टी वेस्टेन्ड रिर्सोटस् इटहरी**, र गण्डकी प्रदेशमा **सोल्टी वेस्टेन्ड रिर्सोटस् मनकामना** सोल्टीको नाम र ब्रान्डमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका पाँच तारे चेन होटेलहरु र मधेश प्रदेशमा **मिथिला यात्री निवास** को नाम र ब्रान्डमा यस कम्पनीको एशोसिएट कम्पनी स्ट्रीम पीक इन्टरनेशनल प्राइभेट लिमिटेडबाट सञ्चालन तथा व्यावस्थापन भई रहेका छन । उक्त एशोसिएट कम्पनीमा यस कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटि लिमिटेडको लगानी रहेको छ । एशोसिएट कम्पनी स्ट्रीम पीक इन्टरनेशनल प्राइभेट लिमिटेडले विदेशमा समेत अन्तर्राष्ट्रिय स्तरमा होटेल व्यावस्थापन गर्ने योजना रहेको जनाएको छ ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

कम्पनीले आफ्ना अतिथि पाहुनाहरूलाई परिष्कृत आधुनिकतम सुबिधाहरुको अनुभव प्रदान गर्ने प्रतिबद्धता अनुरुप निरन्तर उत्पादन, सेवा तथा सुविधाहरुमा सुधार गर्ने उद्देश्यले विस्तार पुर्ननिर्माण र स्तरोन्नति सम्बन्धी परियोजनाहरूलाई निरन्तरता दिएको छ । होटेलको बसाईलाई अविस्मरणीय बनाउन चाहने पर्यटकहरुका लागि होटेल प्रमुख गन्तव्य बन्न सफल भएको कुराको सुनिश्चितता गर्न सक्नुलाई नै रणनीतिक पहलहरूमा कम्पनीको पूर्ण समर्पित रहेको प्रमाणको रुपमा लिन सकिन्छ ।

होटेलको लबि पुर्ननिर्माण र स्तरोन्नति, रोधी बार, स्पोर्ट्स लाउन्ज तथा एभरेस्ट, ल्होत्से, र पुमोरी नविनतम प्रविधियुक्त सुबिधा सम्पन्न अतिविशिष्ट लक्जरी सुइट्स, हिमालयन विंगको चौथो र पाँचौं तलाको पुनर्निमाण तथा स्तरोन्नति, खुल्ला वातावरणमा रमणीय विश्राम तथा आरामदायी आँगन (पैटीओ) क्षेत्रको निर्माण, नयाँ अत्याधुनिक कर्पोरेट कार्यालय भवन निर्माण तथा होटेल परिसरको भुदृश्य सौन्दर्यकरण तथा भवनमा रंगीन विद्यूतीय बत्तीहरुको जडान गर्ने कार्य सम्पन्न भएको छ । यसका साथै आगामी दिनहरुमा विलासीतायुक्त अतिविशिष्ट रिगल सुइटस् भवनलाई अत्याधुनिक डिजाइन र परिष्करण सहित उच्च स्तरको सेवा सुविधाहरु समावेश गरी पुर्ननिर्माण र स्तरोन्नति गरिनेछ, ११२ सवारी साधनको क्षमताको नयाँ PUZZLE TYPE को कार लिफ्ट पार्किङ्ग प्रणाली निर्माण गर्ने, परियोजना समर्पित गोदाम भवनको निर्माण गर्ने, र प्रिन्सेप विंग भवनका सबै अतिथि पाहुना कोठाहरुलाई आधुनिकता प्रदान गर्दै आन्तरिक सौन्दर्यता तथा साजसज्जा सहित स्तरोन्नती तथा आधुनिकिकरण गर्ने परियोजना समेत कार्यान्वयन गर्ने कार्ययोजना रहेको छ ।

सोल्टी होटल लिमिटेड संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी गतिविधिहरूमा समेत अग्रणिय रहेको जानकारी गराउन पाउँदा खुशी लागेको छ । समिक्षा आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न गतिविधिहरू सञ्चालित भए । संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी गतिविधिहरूको माध्यमबाट कम्पनी स्थानीय समुदाय र समाजलाई महत्वपूर्ण योगदान गरी नागरिकहरु जीवनस्तरमा सुधार र सामुहिक सहयोग गर्न र दिर्घ जीवनका लागि योगदान पुऱ्याउन केन्द्रित रहेकोछ ।

कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत काठमाडौं र झापामा बाल स्वास्थ्य प्रतिष्ठान अन्तर्गत बाल अस्पताल, ग्रामिण क्षेत्रका सामुदायीक विद्यालयहरुमा नेपाली विषयको राष्ट्रिय पाठ्यक्रममा आधारित श्रव्य-दृश्य शैक्षिक सामग्रीको उत्पादन र वितरणमा सहयोग, जन चेतना प्रवर्द्धन गर्ने उद्देश्यले छोटो वृत्तचित्रको निर्माणमा सहयोग, काठमाडौं महानगरपालिका वडा नं. १३ को समयोजकत्वमा होटेलको आसपासको क्षेत्रमा सडक बत्तीहरू तथा टोलको सुरक्षार्थ CCTV क्यामेराहरू जडान, प्रसूति गृहमा जोखिममा परेका महिलाहरुलाई सहयोग, ग्रामिण क्षेत्रमा आधारभूत स्वास्थ्य सामग्री उपलब्ध गराउन सहयोग तथा कर्णाली स्पोर्ट्स क्लबसँगको समन्वयमा तेश्रो जुम्ला म्याराथनको आयोजना गर्न सहयोग प्रदान गरेको छ ।

कम्पनीले लक्जरी आतिथ्य र पर्यावरणीय प्रकृति सँग सन्तुलन कायम राख्दै अतिथि अनुभवहरु उत्कृष्ट बनाउन SUSTAINABILITY का प्रतिकुल प्रभावहरुलाई न्यूनीकरणका लागि विभिन्न पहलहरू गरी रहेको छ । कम्पनीले हरेक परियोजनाहरुमा SUSTAINABILITY का अभ्यासहरुलाई समावेश गरी रहेको छ। प्राकृतिक श्रोत संसाधनहरुको मितव्ययीता अपनाउदै दीगो प्रयोग गर्ने दृष्टिकोण सहित कार्यान्वयन गर्ने गरिएको छ । SUSTAINABILITY अवधारणा अर्न्तगत ५०० किलोवाट सौर्य ऊर्जा उत्पादन प्रणाली, अत्याधुनिक पिउने पानी बोटलिंग प्लान्टबाट पानी शुद्धीकरण गरी शिशाको बोतलमा प्रयोग, बल्क डिस्पेन्सर बोटलको प्रयोग, विस्तृत फोहोर व्यवस्थापन कार्यक्रम, परिसरको बगैंचामा विभिन्न प्रकारका तरकारी उत्पादन तथा भान्सामा प्रयोग, इलेक्ट्रिक सवारी साधनको चार्जिङ स्टेशन स्थापना, र स्थानीय उत्पादन विक्रेताहरूलाई उच्च प्राथमिकता जस्ता विविध पहलहरूको माध्यमबाट कम्पनीले SUSTAINABILITY अभ्यासहरु गर्दै आतिथ्य उद्योगमा पर्यावरण मैत्री तथा SUSTAINABILITY को प्रयोगका लागि उत्प्रेरित गरेको छ ।

कम्पनीको संचालक समितिले विस्तृत छलफल, बिचार बिमर्श, विश्लेषण तथा विवेचना पश्चात् आर्थिक वर्ष २०८०/८१ मा खुद मुनाफा आर्जन गरेको परिप्रेक्ष्यमा **पूर्ण चुक्ता शेयर पूँजीको २६.८४२१०५२६%** का दरले **नगद लाभांश** वितरण गर्न सिफारिश गरेको छ । यसै गरी संचालक समितिले कम्पनीका शेयरधनी महानुभावहरुलाई **पूर्ण चुक्ता शेयर पूँजीको १० प्रतिशत बोनश शेयर** वितरण गर्न यस सभा समक्ष सिफारिश गर्ने सर्वसम्मत निर्णय गरि प्रस्तावहरु पेश गरेका छौं । समग्रमा समिक्षा आर्थिक वर्षमा कम्पनीका शेयरधनी महानुभावहरुले **३६.८४२१०५२६%** का दरले लगानी गरे बापतको प्रतिफल प्राप्त गर्नुहुनेछ ।

कम्पनीको व्यवस्थापन पक्ष, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको जानकारी गराउदछु । कम्पनीको व्यवस्थापन, कर्मचारीहरु र कर्मचारी संगठनहरु बीचको समन्वय अत्यन्त राम्रो र प्रशंसनीय रहेको छ । कर्मचारीहरुको सकारात्मक सोच र कम्पनी प्रतिको अशिम स्नेह र स्वतःस्फुर्त उत्तरदायीत्व बोध गरी कार्यसम्पादन गर्नुभएको परिप्रेक्षमा उहाँहरुको सराहना तथा प्रशंसा गर्दै यस प्रकारको सौहार्दयताले कम्पनीको भविष्य निर्माण गर्न हामीलाई थप उर्जा, हौसला तथा प्रोत्साहन मिल्ने निश्चित छ ।

**आदरणीय शेयरधनी महानुभावहरु**

कम्पनीलाई आईपर्ने कुनै पनि सङ्कटको बेला कम्पनीको सञ्चालक समिति, कामदार कर्मचारीहरु, कर्मचारी संगठनहरु र उच्चतहको व्यावस्थापन समूह सबै एक ढिक्का भई उभिएर समाधान गर्ने उदाहरणीय कार्य कर्पोरेट व्यावसायीक जगतमा एउटा हाम्रो बिशेषता रहेको छ र यसलाई संगठीत संस्थाको सफलताको सोपान भन्दा अन्यथा नहोला । म यस अवसरमा, यस प्रकारको अद्भुत कार्यदक्षता र कार्यक्षमताको प्रदर्शनका लागि कम्पनीका हाम्रा स्नेही कर्मचारीहरु, कर्मचारी संगठनहरु, उच्च ब्यवस्थापन समूहका पदाधिकारीहरु, र सञ्चालक समितिका सदस्यज्यूहरु लगायत सबैमा हार्दिक आभार, कृतज्ञता तथा हृदय देखिनै धन्यवाद व्यक्त गर्दछु ।

आदरणीय शेयरधनी महानुभावहरुबाट प्रत्येक वार्षिक साधारण सभामा अधिकतम संख्यामा उपस्थित हुनुभई तथा समय समयमा कम्पनीलाई प्रदान गर्नु भएको अमूल्य तथा महत्वपूर्ण सुझाव र सल्लाह तथा कम्पनीको संचालक समिति र व्यवस्थापन प्रति देखाउदै आउनु भएको असिम विश्वास एवं भरोसा, नैतिक सहयोग र समर्थन प्रति मेरो र सञ्चालक समितिको तर्फबाट हृदय देखिनै हार्दिक आभार, कृतज्ञता व्यक्त गर्दछु ।

कम्पनीको व्यावसायीक कार्यसम्पादको क्रममा निरन्तर सहयोग, समर्थन र व्यावसायी दक्षताको लागि सर्म्बधन प्रदान गर्नुहुने देवतुल्य सम्पुर्ण आन्तरिक तथा मुलुक बाहिरका अतिथि पाहुनाहरु, हामीलाई पाहुनाहरु उपलब्ध गराउन सहयोग र समर्थन गर्नुहुने ट्राभल एजेन्सीहरु, अनलाइन बुकरहरु, एयरलाईन्स कम्पनीहरु, अन्य ट्राभल एजेन्सीहरु, हाम्रो भौतिक सुबिधा आधुनिकिरणको परिकल्पना, परियोजना र आधारभूत संरचनाहरुलाई साकार र सुनियोजित पार्न सहयोग गर्नुहुने परियोजना परामर्शदाताहरु, परियोजनालाई मूर्तरुप दिदै सेवा उपलब्ध गराउनु हुने निर्माणकर्ताहरु, आपूर्तिकर्ताहरु, वित्तिय आवश्यकता परिपूर्तिमा सहयोग गर्नुहुने बैंक तथा वित्तीय संस्थाहरु, कानूनी सल्लाहकारहरु र परामर्शदाताहरु, कम्पनीका शेयर रजिष्ट्रार NIMB ACE CAPITAL LIMITED, तथा अन्य सेवा प्रदायकहरुमा संचालक समिति र मेरो तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा, सञ्चालक समितिको तर्फबाट म नेपाल सरकार, पर्यटन मन्त्रालय तथा पर्यटन विभाग, उद्योग मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभाग, नेपाल राष्ट्र बैंक, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेंज लि., सिडिएस एण्ड क्लियरिंग कम्पनी लि., काठमाण्डौ महानगरपालिका, स्थानिय निकाय एवं अन्य सरकारी तथा नियामक निकायहरुबाट प्राप्त सहयोग, मार्गदर्शन र सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई आ–आफ्नो ठाउँबाट पुऱ्याउदै आउनुभएको निरन्तर महत्वपूर्ण योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु !

हार्दिक धन्यवाद !

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची २

(५०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ११ संग सम्बन्धित)

## छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को संचालक समितिको वार्षिक प्रतिवेदन, २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तव्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभए बमोजिम सभामा निम्नलिखित २१ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुँदै आ-आफ्ना मन्तव्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो ।

## छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनी महानुभावहरु

छलफलमा सहभागी भई आ-आफ्ना मन्तव्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुहुने शेयरधनी महानुभावहरुको विवरण सहितको नामावली तपसिल बमोजिम रहेको छ :–

| क्रम सख्या | वक्ता शेयरधनीको नाम | शेयरधनी नम्बर / हितग्राही खाता नम्बर |
|---|---|---|
| १ | श्री ईन्द्र कृष्ण श्रेष्ठ | १३०१०२०००००००७८१ / १३०११७००००२८८४२६ |
| २ | श्री ईन्द्र प्रसाद लामिछाने | १३०१४२०००००००२८९७ |
| ३ | श्री कुवेर लाल श्रेष्ठ | १३०१०२००००००००३०४ |
| ४ | श्री ब्यास कुमार शर्मा | १३०१०९०००००६५०४३ |
| ५ | श्री जयन्द्र मान सिहं बानियाँ, | १३०१०९०००००१४९३१ |
| ६ | श्री गुण राज भट्ट | १३०११७००००१०६८८१ |
| ७ | श्री बिजय बहादुर श्रेष्ठ | १३०१०४०००००१२७७२ |
| ८ | श्री रोज कुमार श्रेष्ठ | १३०११७०००००००२३०१ |
| ९ | श्री नरसिंह लाल चाखुन | १३०१०२०००००००२६५६ |
| १० | श्री दशरथ रिसाल | १३०११७००००१९०७२१ |
| ११ | श्री जीवन लाल बज्राचार्य | १३०११२००००५१८७८१ |
| १२ | श्री धुव्र राज न्यौपाने | १३०१०९०००००००२६३० |
| १३ | श्री लब राज जोशी | १३०१३३०००००१३०३१, / १३०१५२०००१७३६८६१ |
| १४ | श्री नवराज जोशी | १३०१०४००००३१८२१३ |
| १५ | श्री उत्सव सुन्दर श्रेष्ठ | १३०१०९००००१२४१६१ |
| १६ | श्री दिनेश नारायण श्रेष्ठ | १३०१०९००००१२४१६१ |
| १७ | श्री निरुपमा गुप्ता | १३०११२०००००१४८३५ |
| १८ | श्री राम कृष्ण पन्त | १३०११२००००२७८३३६ |
| १९ | श्री कृष्ण प्रसाद अधिकारी | १३०११७०००००१३२१४ |
| २० | श्री राम गोपाल महर्जन | १३०१२५००००००४९९१ |
| २१ | श्री लक्ष्मण बहादुर श्रेष्ठ | १३०१९४००००००८२९६ |
| | | |

## छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्न र सुझावहरुको प्रस्तुतीकरण

छलफलको क्रममा सहभागी वक्ता शेयरधनी महानुभावहरुले बुँदागत रुपमा निम्नलिखित मन्तव्य, जिज्ञाशा, एवं सुझावहरु सभा समक्ष व्यक्त गर्नुभएको थियो:–

१. **श्री इन्द्र कृष्ण श्रेष्ठ**

१. कम्पनीको ५०औं वार्षिक आर्थिक प्रतिवेदनलाई अध्ययन गर्दा समिक्षा आर्थिक वर्षमा कम्पनीले गरेको वार्षिक कारोबार निकै राम्रो र प्रसंशनीय रहेको छ ।

२. कम्पनीले आफ्नो पुँजी निवेश विविधीकरण तर्फ पनि ध्यान दिएको छ । कम्पनीले हिमाल इन्टरनेशनल पावर कर्प प्रा. लि. को माध्यमबाट भोटेकोशी हाईड्रोपावर कम्पनी प्रा. लि. मा गरेको लगानीबाट राम्रो प्रतिफल प्राप्त गरेकोमा सञ्चालक समितिलाई धन्यवाद दिनुभयो । त्यस्तै राम्रो प्रतिफल दिने अन्य हाईड्रोपावर कम्पनीहरुमा समेत लगानी गर्नु सुझाव समेत दिनुभयो ।

३. कम्पनीको शेयरको प्रति शेयर परल मुल्य १० रुपैयाँ रहेको छ सो लाई आगामी दिनहरुमा अन्य बहुसंख्यक कम्पनीहरुको जस्तै गरी प्रति शेयर १०० रुपैयाँ परल मुल्यमा समायोजन गर्ने तर्फ संचालक समितिको ध्यानाकर्षण गराउनु भयो ।

२. **श्री इन्द्र प्रसाद लामिछाने**

१. कम्पनीको वार्षिक साधारण सभा पुस मसान्तसम्म नपुऱ्याइ, आर्थिक वर्ष समाप्त भएको पहिलो त्रैमासिक अवधि भित्रै गरि शेयरधनीहरुले प्राप्त गर्ने प्रतिफल समेत बेलैमा वितरण गर्ने वातावरण मिलाउन कम्पनीलाई सुझाव दिनुभयो ।

२. कम्पनीले यस आर्थिक वर्षमा शेयरधनीहरुलाई बोनस शेयर र नगद लाभंश दुबै मिलाई वितरण गर्ने प्रस्ताव गर्नुभएकोमा धन्यवाद दिनुभयो ।

३. कम्पनीले व्यावसायीक सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका गतिविधिहरु स्वागत योग्य रहेकोले त्यसमा आफ्नो समर्थन गरेको धारणा व्यक्त गर्नुभयो ।

४. कम्पनीले सोल्टी ब्राण्डलाई चेन होटलको रुपमा विस्तार गर्दै स्वदेशमा ब्राण्ड विस्तार सुरु गरिसकेको र विदेशमा समेत ब्राण्ड विस्तार गर्ने योजना रहेकोले कम्पनीलाई थप उचाईमा लाने हुँदा कम्पनीको यस कार्य प्रति आफु निकै खुशी रहेको धारणा व्यक्त गर्नुहुदै कम्पनीलाई धन्यवाद ज्ञापन गर्नु भयो । साथै उक्त चेन होटलहरुमा पनि कम्पनीले दक्ष कर्मचारीहरु नियुक्त गरी, ती होटलहरुको नियमित अनुगमन गरी कम्पनीको प्रतिष्ठालाई बचाई राख्नुपर्ने सुझाव दिनु भयो ।

३. **श्री कुबेर लाल श्रेष्ठ**

१. यस कम्पनीको सञ्चालक समितिमा महिला प्रतिनिधि पनि देख्न पाउदाँ आफुलाई निकै खुसी लागेको भावना व्यक्त गर्नुभयो ।

२. कम्पनीको वार्षिक प्रतिवेदन हेर्दा कम्पनीले अन्य आर्थिक वर्षहरुको तुलनामा यस वर्ष निकै राम्रो मुनाफा कमाएकोमा गर्य गर्दै धन्यवाद प्रकट गर्नुभयो ।

३. नेपालका केही प्रसिद्ध होटलहरु कोरोना महामारी लगायतका विभिन्न कारणले बन्द हुने कहारमा रहेको अवस्थामा यस कम्पनीको कोठा अकुपेन्सी ५८% देख्दा अत्यन्त खुसी लागेको धारणा व्यक्त गर्नुभयो ।

४. कम्पनीको अहिलेको ऋण रकम हेर्दा जम्मा ७९ लाख मात्र रहेको छ । जुन कम्पनीको कारोबारको तुलनामा निकै कम हो र यो प्रसंशा गर्न लायक विषय रहेको कुरा ब्यक्त गर्नुभयो । कम्पनीको सञ्चालन मुनाफा पनि निकै राम्रो रहेको छ ।

५. कम्पनीले व्यवसायीक सामाजिक उत्तरदायित्वमा गरेको योगदान प्रशंसनीय रहको ब्यक्त गर्नहुदै कुन कुन कार्यमा के कति रकम योगदान गरेको भन्ने कुरा प्रतिवेदनमा खुलेको भए अझ राम्रो हुने सुझाब दिनुभयो ।

६. कम्पनीले राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट विभिन्न विधाहरुमा अवार्डसहरु प्राप्त गरेकोले अत्यन्तै खुशी भएको कुरा ब्यक्त गर्नुहुदै यसको लागि कम्पनीका सञ्चालक लगायत ब्यवस्थापनलाई धन्यवाद दिनुभयो ।

४. **श्री व्यास कुमार शर्मा**

१. सोल्टी होटल लामो समयदेखि होटल व्यवसाय क्षेत्रमा नेपालको उत्कृष्ट होटलको रुपमा चिन्न र त्यसलाई निरन्तरता दिन सफल रहेकोमा प्रशंसा गर्नुभयो ।

२. कम्पनीको यस आर्थिक वर्षको आर्थिक प्रतिवेदन हेर्दा कम्पनीको कारोबार, दायित्व, कुल सम्पत्ति, आम्दानी र मुनाफा हेर्दा कम्पनीको बृद्धी विकाश अत्यन्त राम्रो रहेको पाएकोले खुशी व्यक्त गर्नुभयो ।

३. नेपालगञ्ज एयरपोर्टको एयरपोर्ट रेष्टुरेष्ट पनि सोल्टीले नै सञ्चालन गरेको रहेछ । उक्त रेष्टुरेष्टको खानाको गुणस्तर, पाहुनाहरुलाई गरेको सेवाको स्तर, सरसफाइ, स्थानीयको भुक्तानी क्षमताको आधारमा लगाइएको दर रेट लगाएतका विषयले वहाँलाई सोल्टीको शेयरधनी भएको प्रति गर्भ लाग्नेको अनुभव ब्यक्त गर्नुभयो ।

३. होटलहरुको बढ्दो प्रतिस्पर्दामा लागत दक्षता हुनुपर्नेमा उक्त विषय तर्फ सञ्चालक समितिको ध्यानकार्षण गराउनु भयो ।

४. सोल्टीको चेन होटल विस्तारको क्रममा नेपालको सुदुरपश्चिम प्रदेशको धनगढी, महेन्द्रनगर लगायतका क्षेत्रहरु पनि उपयुक्त भएकोले सो क्षेत्रमा पनि सोल्टीले ब्राण्ड विस्तार गर्न सुझाब दिनुभयो ।

५. **श्री जयेन्द्र मान सिंह बानियाँ**

१. नेपालको पर्यटन क्षेत्रमा सोल्टी होटलले गरेको योगदान प्रशंसनीय छ साथै उच्च गुणस्तरीय पर्यटन नेपाल भित्र्याउन देखाएको प्रदर्शन विश्लेषण गोग्य रहेको अभिव्यक्ति दिनुभयो ।

२. कम्पनीको बार्षिक आर्थिक प्रतिवेदन हेर्दा होटलका कोठाहरु उच्चस्थरका पर्यटकहरुलाई लक्षित गर्दै सेवाको गुणस्तर बृद्धिको लागि समेत पुर्ननिर्माण लगायतका क्षेत्रमा धेरै कम्पनीले धेरै काम गरेको देखियो । यसले होटलका कोठा उपयोग दर तथा बिक्री दरमा बृद्धि गरि कम्पनीको आम्दानीमा थप सुधार ल्याउने अपेक्षा राख्न सकिने साथै कम्पनीले अन्तर्राष्ट्रिय धेरै अवार्डसहरु पाएको देख्दा यसको ख्याती विश्वमा राम्रो रहेको अनूभुति पाएको धारणा व्यक्त गर्नुभयो ।

३. कम्पनीले विभिन्न क्षेत्रमा ब्राण्ड स्थापना गरेको र यसलाई चेन होटलको रुपमा विकाश गरेकोले कम्पनीको आय वृद्ध हुने आशा व्यक्त गर्नुभयो ।

४. कम्पनीले नेपालको पोखरा जस्तो पर्यटकीय क्षेत्रमा भने कम्पनीले होटल किन विस्तार नगरेको होला भन्दै जिज्ञासा राख्नु भयो ।

४. व्यवसायीक सामाजिक उत्तरदायित्वको विषयमा भने कम्पनीले अझ दुर्गम क्षेत्रहरुमा गई त्यहाँको आवश्यकता अनुरुप योगदान गर्दा अझ राम्रो हुने भन्ने धारणा राख्नुभयो ।

५. कम्पनीले विदेशी मुद्रा कति कमायो भन्ने विवरणहरू पनि प्रतिवेदनमा स्पष्ट रूपमा खुलाउँदा, कम्पनीका शेयरधनीहरू माझ पारदर्शिता कायम रहनुका साथै उनीहरूको विश्वास र सन्तुष्टि बढाउन सहयोग पुग्छ। यसले कम्पनीको वित्तीय प्रदर्शनलाई थप प्रस्ट्याउने मात्र होइन, भविष्यमुखी रणनीतिक निर्णयहरू लिन पनि मद्दत गर्दछ भन्दै सभामा बोल्न दिनु भएकोमा धन्यवाद दिदै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

६. **श्री बिजय बहादुर श्रेष्ठ**

१. सोल्टी होटलले बार्षिक साधारण सभा आफ्नै परिसरमा गर्दा अझै प्रतिष्ठित हुने विषयमा ध्यानकार्षण गराउनु भयो ।

२. कम्पनीको सम्पत्तिहरुको पुनः मूल्याङ्कन गराउनुपर्ने, ब्राण्डको मूल्याङ्कन गरी मुल्य लीवरिज अझ बढाउनुपर्ने सुझाब दिनुभयो ।

३. हरेक क्षेत्रमा जोखिम तथा चुनौतिहरु हुने हुँदा यस कम्पनीमा पनि आफ्नै जोखिमता र चुनौतिहरु होलान् त्यस्ता जोखिमताहरु के के छन् र उक्त जोखिमलाई होटलले कसरी व्यवस्थापन गरेको छ उक्त विषयहरु प्रतिवेदनमा राख्दा शेयरधनीहरुमा अझ बढी स्पष्टता हुने धारणा व्यक्त गर्नुभयो ।

४. कम्पनीले वार्षिक सभामा पाँच-वर्षीय भावी कार्ययोजना प्रस्तुत गरेमा, शेयरधनीहरू तथा लगानीकर्ताहरूलाई कम्पनीको दीर्घकालीन लक्ष्य, रणनीति, र सम्भावित लाभहरू बारे जानकारी प्राप्त हुने र यसले कम्पनी प्रतिको विश्वास थप सुदृढ बनाउनुका साथै व्यासायिक प्रवर्द्धनमा सकारात्मक सन्देश जाने सुझाब प्रकट गर्नुभयो ।

५. बोनस शेयर मात्रै जारी गरी नगद लाभांस न दिदा बहुसंख्यक शेयरधनीको अपेक्षा संम्बोधित हुन्छ ।

६. सोल्टी होटेलमा नेपाली महाप्रबन्धक राख्नु पर्यो, नेपालीलाई पनि मौका दिनुपर्यो ।

७. कम्पनीले एफ. पी. ओ. (Follow on Public Offer (FPO) निकाल्न सुझाव दिनुभयो ।

७. **श्री गुण राज भक्त**

१. पर्यटन क्षेत्रको विकासका लागि आफु पनि निरन्तर लागिपरिरहेको उल्लेख गर्नुभयो । सोल्टी होटल नेपालको प्रमुख होटेल भएकोले पर्यटन क्षेत्रको विकासमा नेपाल सरकारसँग समन्वय गरी नीतिगत रुपमा समेत आवश्य परिमार्जन गराइ पर्यटन क्षेत्रको विकाश र विस्तारमा गोगदान गर्न सक्ने भएकोले त्यस तर्फ पनि ध्यान दिन सुझाव दिनुभयो ।

२. सभामा बोल्न अनुमती दिनु भएकोमा धन्यवाद दिदै र कम्पनीलाई ५०औं वार्षिक साधारण सभाको उपलक्ष्यमा बधाई दिनु हुदै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

८. **श्री रोज कुमार श्रेष्ठ**

१. कम्पनीलाई ५०औं वार्षिक साधारण सभाको उपलक्ष्यमा बधाई दिनु हुदै आफ्नो मन्तव्य सभामा प्रस्तुत गर्नु भयो ।

२. सोल्टी होटलले विदेशी चेन होटलहरुले जस्तै नेपाली चेन होटलको रुपमा ब्राण्ड विस्तार गरिरहेको देख्दाँ आफु शेयरधनीको हैसियतले निकै खुशी भएको र गर्व लागेको कुरा व्यक्त गर्नुभयो ।

३. कम्पनीले सोल्टीका चेन होटलहरुलाई एउटै लिस्टमा राखी बार्षिक प्रतिवेदनमा प्रस्तुत गर्दा कम्पनीका सबै शेयधनीहरुलाई जानकारी प्राप्त हुने र सबै शेयरधनीहरुले जानकारी पाउने र होटलहरुको बजारीकरण समेत हुने भएकोले सो विषयमा ध्यानकार्षण गराउन भयो ।

४. जसरी सोल्टी होटेलले सक्रीय रुपमा कम्पनीलाई अगाडि लगिरहेको छ त्यसरी नै सोल्टी होटलको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेडले पनि लग्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

५. कम्पनीले विभिन्न क्षेत्रमा ब्राण्ड स्थापना गरेको तर ब्राण्डबाट के कति आमदानी भएको भन्ने कुरा प्रतिवेदनमा नदेखिएकोमा अध्यक्षज्युहरुको त्यस तर्फ ध्यानकार्षण गराउनुभयो र आउँदो दिनहरुमा त्यसमा पनि पारदर्शीताको अपेक्षा राख्दछु भन्नुभयो ।

९. **श्री नरसिंह लाल चाखुन**

१. कम्पनीको वार्षिक विवरण प्रतिवेदन तथा वित्तिय आँकडा हेर्दा कम्पनीको वित्तीय प्रदर्शन निकै राम्रो र बलियो देखिएको छ ।

२. कम्पनीले दिएको ३६% लाभांसमा खुशी व्यक्त गर्दै कम्पनीलाई धन्यवाद दिनुभयो ।

३. कम्पनीको वित्तिय प्रतिवेदन बमोजिम P/E ratio, Inventory management, ROI, ROE जस्ता कुराहरु निकै नै सराहनीय रहेको र आफ्नो चित्त बुझेको धारणा व्यक्त गर्नुभयो ।

४. साथै कम्पनीले नाफामुखी व्यवस्थापन, बजार उन्मुख व्यवस्थापन र पर्यटन गतिविधिहरूमा थप जोड र पहल दिनुपर्ने सुझाब दिनुभयो र त्यसको लागि कम्पनीले आफ्नो अनुसन्धान र विकासमा अझ ध्यान दिनुपर्ने सुझाब व्यक्त गर्नुभयो ।

१०. **श्री दशरथ रिसाल**

१. ५०औं वार्षिक साधारण सभाको उपलक्ष्यमा बधाई दिनु हुदै होटेलले यस वर्ष राम्रो प्रतिफल प्रदान गरेकोमा सरहाना व्यक्त गर्नुभयो ।

२. नेपालको होटल व्यवसाय क्षेत्रमा निकै नै प्रतिस्पर्दा रहि आएको र यसले होटल व्यवसायमा ठूलै प्रभाव पोर्ने विषय नियाल्दै यस सोल्टी होटलको वार्षिक प्रतिवेदन हेर्दा पनि होटलको कोठा उपभोग दर पहिलेको आर्थिक वर्षको हाराहरीमा यसपालि कम भएकोमा चिन्ता व्यक्त गर्दै कम्पनीले यसप्रति ठोस कार्य गर्नुपर्ने सुझाब व्यक्त गर्नुभयो ।

३. कम्पनीले भविष्यमा अझ राम्रो गर्दै यस बर्ष भन्दा अझ बढी प्रतिफल प्रदान गर्दै अघि बढ्नुपर्ने कुरा सभामा व्यक्त गर्नुभयो ।

११. **श्री जिवन लाल बज्राचार्य**

१. कम्पनीको वार्षिक साधारण सभा आफ्नै होटलमा गर्नुपर्ने धारण व्यक्त गर्नुभयो जसबाट शेयरधनीहरु मझ होटलको प्रतिष्ठा, सेवा, क्षमता, र व्यवस्थापनको प्रदर्शनलाई उजागर गर्न सहयोग पुऱ्याउने धारणा व्यक्त गर्नुभयो ।

२. कम्पनीको बार्षिक साधारण सभा आफ्नै होटलमा गर्दा शेयरधनीहरूलाई होटलको भौतिक संरचना, सेवाहरू, र वातावरणबारे प्रत्येक्ष अनुभव प्राप्त हुने भएकाले यसले उनीहरूमा होटलप्रति विश्वास र गर्वको भावना वृद्धि गर्न मद्दत पुग्ने कुराहरु व्यक्त गर्नुभयो ।

३. व्यवसायीक सामाजिक उत्तरदायित्व सम्बन्धमा कम्पनीले शिक्षा, स्वास्थमा मात्र नभई तत्काल अत्यावश्यक क्षेत्रहरुमा गरिने सहायतामा पनि अघि बढ्न सुझाब दिनुभयो किनभने यस्ता क्षेत्रहरुमा सबै कम्पनीहरुले फरक फरक ढंगबाट व्यवसायीक सामाजिक उत्तरदायित्व अन्तर्गत कामग गरिरहेका हुन्छन् त्यसैले फरक प्रकृतिको काम गर्न सकिन्छ कि भन्ने धाराणा राख्नुभयो ।

४. कम्पनीको १० रुपैयाँ परल मुल्य रहेको शेयर मूल्यलाई प्रचलित बजार अनुसार १०० रुपैयाँको दरमा परिमार्जन गर्न सकिन्छ कि भन्ने धारण व्यक्त गर्नुभयो । साथै, यसले शेयरधनीहरूलाई थप आर्थिक लाभ पुऱ्याउने मात्र होइन, कम्पनीको बजार मूल्य र प्रतिस्पर्धात्मक क्षमतालाई समेत वृद्धि गर्ने विश्वास व्यक्त गर्नु भयो ।

१२. **श्री धुर्वराज न्यौपाने**

१. सभामा उपस्थित सबैलाई अभिनन्दन गर्दै होटललाई ५०औं वार्षिक साधारण सभाको उपलक्ष्यमा बधाई दिनुहुँदै आफ्नो मन्तव्य सभामा प्रस्तुत गर्नुभयो ।

२. कम्पनीको पूँजी तथा जगेडा र मुनाफामा सञ्चालक समितिलाई ध्यानकर्षण गराउँदै कम्पनीको वार्षिक प्रतिवेदन हेर्दा खर्च बचत तर्फ ध्यान दिँदा झन्डै कम्पनीको १/३ खर्च कम्पनीको विद्युत र ईन्धनमा गरेको देखिन्छ जुन होटल व्यवसायमा स्वभाविक नै होला तर पनि यसलाई न्युनीकरण गर्न वैक्लपिक स्रोतहरु हेर्नुपर्ने जस्तो सोलार पावर जडान गरी दिगो रुपमा खर्च कम गर्ने सकिने सुझाव दिनुभयो ।

३. कम्पनीको फ्लाईट केटरिंगको सम्बन्धमा यसमा निकै राम्रो भविष्य रहेको कुरा सभामा उल्लेख गर्दै भारतको ताज होटलले पनि सो कुरामा निकै राम्रो गरेको छ भन्नुभयो । यसले कम्पनीलाई विश्वव्यापी रुपमा चिनाउन धेरै मद्दत गर्ने र कम्पनीको आम्दानी बढाउने हुँदा यस तर्फ सञ्चालक समितिको ध्यानाकर्षण गर्नुभयो ।

४. सोल्टी होटल र यसका अन्य ब्राण्ड/चेन होटलहरु निकै सुन्दर, रमणीय र प्रमुख स्थानमा रहेकोले, यस कम्पनीले गन्तव्य विवाह प्रवर्द्धन गर्न सक्ने धारणा व्यक्त गर्नुभयो ।

५. कम्पनीले वार्षिक प्रतिवेदनलाई अझ सरल बनाउन सक्ने र मुख्य भागहरू तथा सूचकांकहरूलाई विशेष रूपमा हाइलाइट गरी यो हेर्ने व्यक्तिहरूका लागि सजिलै बुझ्न र पढ्न सकिने बनाउने तर्फ सुझाब दिनुभयो ।

६. कम्पनीले प्रतिवेदनमा देखाएका ग्राफ, चार्टहरु निकै प्रभावकारी हुँदा सो को प्रसंशा गर्नुभयो ।

**१३. श्री लब राज जोशी**

१. कम्पनीलाई समय सापेक्ष अगाडी बढाउन सोही ढंङ्गले कम्पनी र बजारको विश्लेषण गर्दै जानुपर्नेमा जोड दिनुभयो । कम्पनीको दश (१०) रुपैयाको शेयरलाई अरु कम्पनीहरुले जसरी १०० रुपैयाको दरले मुल्याङ्कण गर्ने ढङ्गले परिवर्तन गर्ने तर्फ विचार विमर्श गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

२. कम्पनीको यो ५०औं वार्षिक साधारण सभा, स्वर्ण जयन्ती पनि हो यसलाई अलि भव्य ढङ्गले सानो कार्यक्रम नै गरेर सभा सञ्चालन गर्न सकिन्थ्यो भनी विचार प्रकट गर्नुभयो ।

३. कम्पनीले आगामी वर्ष वित्तीय विवरणहरु अङ्ग्रेजीमा र पूर्ण नेपाली भाषामा प्रस्तुत गर्न अनुरोध गर्नुभयो ।

४. आगामी दिनहरुमा कम्पनीका अध्यक्षज्यू तथा सञ्चालकज्यूहरुले कम्पनीको विकासका लागि ठोस रुपमा अहम् भुमिका निर्वाह गर्दैजाने र सोल्टी होटललाई थप उच्चस्थरमा लान चिन्तन मनन् गर्न सुझाब दिनुभयो ।

**१४. श्री नवराज जोशी**

श्री नवराज जोशीज्यूलाई सभामा मन्तव्य राखिदिनुहुन सभाका सभापतिज्यूले आग्रह गर्नुभएकोमा वहाँले मन्तव्य राख्नु भएन ।

**१५. श्री दिनेश नारायण श्रेष्ठ**

१ कम्पनीका पहिलैका वार्षिक साधारण सभाका बैठकहरुमा बोल्दै सोल्टी होटेललाई अब राष्ट्रिय र अन्तर्राष्ट्रिय चेन होटेलको रुपमा विकास गर्नुपर्दछ भन्दै सुझाएको उल्लेख गर्दै अहिले कम्पनीले ८ वटा राष्ट्रिय स्तरमा होटलहरु सञ्चालन गर्दै आएको र अन्तर्राष्ट्रिय स्तरमा पनि जाँदै गरेको खबर पाउँदा खुशी लागेको छ भन्दै कम्पनीले प्रसंशनीय कार्य गरेकोले धन्यवाद सहित प्रसंशा गर्नुभयो ।

२ कम्पनीले जनशक्ति विकासका लागि के गरिरहेको छ सो तर्फ ध्यानाकर्षण गराउदै कम्पनीले होटेल व्यवस्थापनका शैक्षिक संस्थाहरुसँग समन्वय गरी, कम्पनीलाई आवश्यक दक्ष कर्मचारीहरु लिने र होटल व्यवस्थापनमा यसले झन् बढी टेवा पुर्याउने हुँदा यसतर्फ पनि ध्यान दिन सुझाउनु भयो ।

३ आम्दानीमा बृद्धि गर्ने तर्फ पनि ध्यान दिनुहोला भन्दै ब्राण्डिङ्ग गरिएका होटलहरुबाट के कति आम्दानी भईरहेको छ सोको पनि जानकारी गराउन अनुरोध गर्दै यस सन्दर्भमा वार्षिक प्रतिवेदनमा विविध आम्दानी शिर्षकमा १ करोड ९ लाख देखिएको छ सो आम्दानी यसैबाट भएको वा अन्य कुराबाट भएको हो प्रकाश पारिदिनुहुन अनुरोध गर्नुभयो ।

४ कम्पनीले गत आर्थिक वर्ष सर्भिस चार्जबाट २ करोड १४ लाख आम्दानी गरेकोमा यस वर्ष भने सम्माननीय सर्वोच्च अदालतबाट सर्भिस चार्जलाई हटाउने आदेश जारी हुँदा कर्मचारीले खाईपाई आएको सुविधालाई कटौती भएको परिप्रेक्ष्यमा कम्पनीबाट थप के भयो र कर्मचारीको मनोबल बढाउन के कस्ता कदमहरु चाल्नु भयो भन्दै ध्यानाकर्षण गराउनुभयो ।

**१६. श्री उत्सव सुन्दर श्रेष्ठ**

१. सोल्टी होटलको यस ५०औं वार्षिक साधारण सभा आफ्नै होटलमा गर्न पाएको भए निकै रमाईलो हुन्थ्यो भन्नुभयो ।

२. कम्पनीले निर्धारण गरेको लाभांश, साना लगानीकर्ताहरु मध्यनजर नगरी निर्णय गरेकोले असन्तुष्टि व्यक्त गर्नुभयो । कम्पनीले २६ प्रतिशत बोनस र १० प्रतिशत नगद लाभांश वितरण गर्न सकेको भए उचित हुन्थ्यो भन्ने धारणा राख्नुभयो ।

३. कम्पनीको वार्षिक प्रतिवेदन हेर्दा अंग्रेजी र नेपालीमा प्रतिवेदनमा फरक फरक विवरण पाएकोले यसप्रति थप स्पष्ट पारिदिनुहुन सभाका अध्यक्षज्यूलाई आग्रह गर्नुभयो ।

४. कम्पनीको वार्षिक प्रतिवेदनमा नेपाल वायुसेवा निगमबाट प्राप्त गर्नुपर्ने बक्यौता रुपैयाँ ४ करोड ४१ लाख ९० हजार असुल उपर हुन बाँकी उल्लेख छ किन नउठेको प्रष्ट पर्न आग्रह गर्नुभयो ।

५. कम्पनीको स्वतन्त्र संचालकको रुपमा कार्य गर्नुहुने श्री दिपक राज जोशीज्यूले किन राजिनामा दिनुभएको खुलाईदिनु हुन अनुरोध गर्नुभयो ।

१७. श्री निरुपमा गुप्ता

१. कम्पनीको आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमाशिक प्रतिवेदन अनुसार यस कम्पनीको चालु आर्थिक वर्षमा प्रति शेयर आम्दानी १.३० रुपैयाँ रहेको, प्राईस अर्निंग रेसियो ४१४.९५ रुपैयाँ रहेको र कम्पनीको प्रति शेयर नेटवर्थ २६.७२ रुपैयाँ धारणा व्यक्त गर्नुभयो ।

२. वार्षिक साधारण सभाका विगतका आर्थिक वर्षहरु भन्दा चाडै गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्दै आगामी सालहरुमा पनि अझ अगाडी गर्ने सकियोस भन्ने धारणा राख्नुभयो ।

३. वित्तीय सूचकांकहरू सकारात्मक रहेकोले कम्पनीको आर्थिक स्थिति मजबूत र स्थिर देखिन्छ । कम्पनीको दुरदर्शिता पनि उत्कृष्ट रहेको छ, जसले दीर्घकालीन दृष्टिकोण र रणनीतिक योजनाहरूमा स्पष्टता र सफलता सुनिश्चित गर्दछ ।

४. होटलको व्यवस्थापन र सेवा पनि उच्च गुणस्तरको रहेकोले होटल ख्याती र प्रशिद्धी प्रशंसा योग्य रहेको धारणा राख्नु भयो ।

५. कम्पनीले नगद लाभांश वोनस शेयर वितरणको अनुपात भने १८-१८% का दरले दिन सकेको भए अझ राम्रो हुन्थ्यो कि भन्ने धारणा व्यक्त गर्नुभयो ।

६. कर्पोरेट सामाजिक उत्तरदायित्वको सन्दर्भमा, कम्पनीले आवश्यकतामा आधारित मूल्यांकन गरेर कार्यक्रमहरू लागू गर्न सके अझ प्रभावकारी हुने थियो । विशेष गरी, असहाय र आर्थिक रूपमा कमजोर व्यक्तिहरूलाई सहयोग गर्दै, शिक्षामा योगदान पुऱ्याउन सके, भविष्यका कर्णधारहरूको विकासमा महत्वपूर्ण भूमिका खेल्न सकिन्थ्यो । यसले न केवल समाजमा सकारात्मक प्रभाव पार्नेछ, तर कम्पनीको छवि र सामाजिक जिम्मेवारीप्रतिको प्रतिबद्धता पनि प्रस्ट पार्नेछ ।

७. कम्पनीको खर्च हेर्दा गतवर्षको भन्दा १८ करोड बढी खर्च भएको देखिन्छ खर्च न्यूनिकरण तिर ध्यान दिन अनुरोध गर्नुभयो । कम्पनीको भविष्यलाई नजर गर्दै नीतिगत विकास तिर ध्यानदिन आग्रह गर्नुभयो ।

१८. श्री राम कृष्ण पन्त

१. लामो समय देखि सोल्टी होटलको गतिविधि बारे जानकारी गरेको हुँदा सभा समक्ष कम्पनीको छोटो इतिहास पेश गर्दै सोल्टी होटलले सफलतापूर्वक कार्यसम्पादन गरी आएकोमा खुशी व्यक्त गर्नुभयो ।

२. कम्पनीका कार्यकारी अध्यक्षज्यूको कार्यक्षमताको प्रशंसा गर्नु हुँदै कम्पनी घाटा हुँदा पद भार सम्भाली आजको मितिमा पर्याप्त मुनाफामा सहित कम्पनीलाई थप विस्तार गर्दै आउनुभएको र शेयरधनीलाई लाभांश पनि दिदै आउनु भएकोमा प्रसंशा सहित धन्यवाद दिनुभयो ।

३. विभिन्न नयाँ होटलहरु नयाँ ढङ्गले नयाँ रुपमा संचालनमा आईरहँदा पनि यस २०२९ सालमा संस्थापित होटलले प्रतिस्पर्दा गर्दै आईरहेको छ जुन सामन्य छैन ।

४. यस कम्पनीको वार्षिक प्रतिवेदनमा नेपाल सरकारको तोकेको हरेक मापदण्ड तथा प्रचलित कानुनका हरेक प्रावधानहरुलाई समेटिएको र यसलाई व्यवस्थित ढङ्गले प्रस्तुत गरेको हुदाँ यस कम्पनीका कम्पनी सचिवज्यूलाई धन्यवाद दिनुभयो । होटल तथा कम्पनीहरुले यसरी विस्तृतरुपमा वार्षिक प्रतिवेदन प्रस्तुत गरेको देख्न पाईदैन भन्ने राय व्यक्त गर्नुभयो ।

१९. श्री कृष्ण प्रसाद अधिकारी

१ कम्पनीको प्रगतिको लागि स्वास्तिवाचन गर्दै शुभकामना व्यक्त गर्दै आफ्नो छोटो मन्तव्य पेश गर्नुभयो ।

२ कम्पनीले प्रत्येक वर्ष ६ चोटी सञ्चालक समितिको बैठक गर्ने हुँदा ७ चोटी गर्नुपर्ने कुरा सभा समक्ष पेश गर्नुभयो ।

३ कम्पनीले वार्षिक प्रतिवेदन छपाईको क्रममा नेपाली भाषामा मात्र छाप्न र अङ्ग्रेजी भाषामा आवश्यक भएमा थोरै प्रति छापी कम्पनीको अनावश्यक खर्च नर्गन अनुरोध गर्नुभयो ।

४ वार्षिक साधारण सभा सोल्टी होटल सुझाव दिनुभयो, जसले गर्दा शेयरधनीहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने अवसर प्रदान गर्ने र कम्पनी र शेयरधनीहरूबीचको सम्बन्ध अझ प्रगाढ बनाउन मद्दत गर्ने र होटलको सेवा, व्यवस्थापन र वातावरणको प्रत्यक्ष अनुभव गराउन अनुरोध गर्नुभयो ।

२०. **श्री राम गोपाल महर्जन**

१ कम्पनीले यसपाली पनि राम्रो बोनस शेयर तथा नगद लाभांश दिएकोमा संचालक समितिलाई धन्यवाद गर्नुभयो ।

२ कम्पनीले पर्यटन क्षेत्रमा गरेको योगदान प्रति प्रसंशा गर्दै आगमी वर्षहरुमा पनि यसरी नै राम्रो गर्दै राम्रो लाभांश दिनुहुन अनुरोध गर्नुभयो ।

३ कम्पनीले विभिन्न अवार्डहरु प्राप्त गरेकोमा निकै खुशी व्यक्त गर्नुभयो ।

४ सुझाब स्वरूप कम्पनीले आफ्नै होटलमा वार्षिक साधारण सभा गरी दिए हामी शेयरधनीहरूलाई होटेलको भौतिक संरचना, सेवाहरू, र वातावरणबारे प्रत्यक्ष अनुभव प्राप्त हुने धारणा राख्नुभयो ।

५ अन्त्यमा सोल्टी होटलको उत्तरोत्तरको कामना गर्दै ५०औं वार्षिक साधारण सभाको सफलताको कामना गर्नुभयो ।

२१. **श्री लक्ष्मण बहादुर श्रेष्ठ**

१ कम्पनीले यस आर्थिक वर्षमा २६.८४ प्रतिशत नगद तथा १० प्रतिशत बोनस सेयर दिनु भएकोमा धन्यवाद दिदैं आगामी आर्थिक वर्षमा अझ राम्रो लाभांश प्रदान गर्नका साथै कम्पनीले ५०/५० को अनुपातमा दिनुभएमा हामी साना लगानीकर्ताहरुलाई पनि राम्रो हुने हुदाँ त्यसतर्फ संचालक समितिको ध्यानाकर्षण गराउनु भयो ।

२ यसका साथै कम्पनीले साधारण सभा समयमा नै गर्नुभएको र अन्य कम्पनीहरु सँग नजुधाउनु भएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

३ कम्पनीको आर्थिक प्रतिवेदनलाई अध्ययन गर्दा खर्चमा मितव्ययीता अपनाउन सञ्चालकलाई आग्रह गर्नुहुदै कम्पनीलाई आजको दिनमा यहाँ सम्म पुर्याउनुभएकोमा सम्पूर्ण कर्मचारी, सञ्चालक समितिलाई धन्यवाद दिनुहुँदै वार्षिक साधारण सभाको सफलताको कामना गर्नुभयो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची ३

**(५०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १२ संग सम्बन्धित)**

## सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

सभाका सभापति तथा कार्यकारी अध्यक्षज्यूले आदरणीय शेयरधनी महानुभावहरुले कम्पनीको ५०औं वार्षिक साधारण सभामा छलफलको क्रममा अभिव्यक्त गर्नुभएको मन्तब्यहरुको लागि हृदय देखिनै आभार तथा कृतज्ञता व्यक्त गर्नुहुदै वक्ता शेयरधनी महानुभावज्युहरुले उठाउनु भएका जिज्ञाशा एवं प्रश्नहरुको समग्र एवं सामुहिक रपमा निम्नलिखित प्रत्युत्तर दिनु भएको थियो ।

१ कम्पनीको शेयरको परल मूल्य १० रुपैयाँ दरको रहेकोमा सोलाई प्रति शेयर परल मुल्य १०० रुपैयाँमा परिणत गरी सोही अनुसार प्रति शेयर मूल्य समायोजन र्गुपर्ने भन्ने वक्ता शेयरधनीको सुझावको सम्बन्धमा, कम्पनीको यस सम्बन्धमा पहिले नै ध्यानाकर्षण भईसकेको विषय हो । वास्तवमा, कम्पनीको लक्ष्य आफ्नो शेयरलाई थप शेयरधनीहरू माझ विस्तार गरी धेरै व्यक्तिहरूलाई कम्पनीको शेयरमा पहुँच उपलब्ध गराउने हो । यसले सर्वसाधारण शेयरधनीहरूको संख्या बढाउने र सबैलाई सोल्टी होटल लिमिटेडको एउटा हिस्सेदार बन्ने अवसर प्रदान गर्दछ । कम्पनी स्थापना भई पब्लिक लिमिटेडमा जाँदा शुरुको चरण २०५१ सालमा मात्र १,६०६ जना शेयरधनी रहेकोमा, हालसम्म १८,१८३ जना शेयरधनी संस्थाको शेयरपूँजी लगानीमा सहभागी भईसक्नु भएकोछ । प्रति शेयर परल मूल्य रु. १० लाई परिणत गरी रु. प्रति शेयर रु. १०० पुऱ्याउँदा, रु. १० दरको शेयरको मूल्य, जुन अहिले दोश्रो बजारमा प्रति शेयर रु. ४७०-४८३ को हाराहारीमा रहेको छ, त्यो प्रति शेयर रु. ४,७००-४,८३० सम्म पुग्न सक्दछ । यस्तो अवस्थामा सर्वसाधारणलाई दोश्रो बजारबाट कम्पनीको शेयर खरीद गर्न कठिनाई हुन सक्दछ । यसका साथै, शेयर मूल्यको सान्दर्भिकताले पनि महत्व राख्दछ । शेयर लगानी लाई अझ बढी समावेशीकरण, अधिकतम सहभागिता मूलक, र शेयर कारोबारमा वृद्धि ल्याउने अपेक्षाका साथ छिमेकी देशमा समेत प्रति शेयरको परल मूल्य रु. १ रुपैयाँ प्रतिशेयरमा झार्ने व्यावस्था ल्याउन लागिएको छ । यस सभाबाट उठेको यो विषयको सम्बन्धमा कम्पनीले पहिले नै विचार गरिसकेको हो र यसलाई कार्यान्वयन गर्ने तर्फ अग्रसर हुन नसक्नुको पछाडिको उल्लेखित कारण वा दर्शन स्पष्ट छ भन्नु भयो ।

२ शेयरधनी महानुभावहरूले कम्पनीको आम्दानीमा १०% ले वृद्धि भएको भएतापनि कुल खर्चमा १२% वृद्धि भएको सम्बन्धमा उठाउनु भएको जिज्ञासाको प्रत्युत्तर दिदै सभापतिज्यूले कम्पनीले आम्दानीमा निरन्तर अभिबृद्धिको लक्ष्य लिएको छ र संचालन मुनाफाको सिमा वृद्दी गर्दै दीर्घकालीन स्थायित्व सुनिश्चित गर्नु यसको प्राथमिकतामा पर्दछ भन्नु भयो । कोभिडपछिको अवस्थामा होटलहरूको संख्या बढेको छ तर सोही अनुपातमा पर्यटकहरूको संख्यामा भने बृद्धि भएको छैन, जसले गर्दा माग र आपूर्तिको असन्तुलन सिर्जना गरेकोछ । यसले कोठा अक्यूपेंसी दरमा प्रभाव पारेको छ । हामीले हाम्रो बजार अंशलाई स्थिर राख्दै, दीर्घकालीन स्थायित्व सुनिश्चित गर्न उचित रणनीतिहरू अपनाइरहेका छौं ।

३ सभामा एक जना वक्ता शेयरधनीज्यूले उठाउनु भएको कम्पनीको रणनीतिक पक्षलाई थप स्पष्ट पार्दै सभापतिज्यूले कम्पनीको लक्ष्य भनेको दीर्घकालिन रुपमा निरन्तर वृद्धि र स्थिर अभिबृद्धि कायम राख्नु हो, जसका लागि हामीले अधिकतम आम्दानी सृजना गर्ने तथा होटल विस्तारका अवसरहरूमा ध्यान केन्द्रित गरिरहेका छौं । हाम्रो होटेलका भौतिक संरचनाहरु पुरानो भएतापनि विगत १० वर्षदेखि हामीले अन्तर्राष्ट्रिय मापदण्ड अनुसार होटेलका भौतिक संरचनाहरुको पुर्ननिर्माण आधुनिकीकरण र कोठाहरुको साज सज्जा विकास गर्ने कार्य गरिरहेका छौं । आधुनिक प्रविधियुक्त संरचना तथा पर्यटकीय सेवा सुविधाहरुमा आधारित प्रतिस्पर्धी होटलहरूसँगको चुनौतीको सामना गर्दै, हामी हाम्रो होटेलका सेवा सुविधाहरुमा व्यापक सुधार, सुदृढीकरण र स्तरोन्नती मार्फत हामी व्यावसायमा अग्रसर भइरहेका छौं । शेयरधनीहरूको जिज्ञासा र सुझावले हामीलाई अझ सशक्त र सक्षम बनाउने उत्प्रेरणा दिनेछ ।

४ शेयरधनी महानुभावहरूले मन्तब्यको क्रममा अभिव्यक्त गर्नु भएको कम्पनीको वार्षिक प्रतिवेदनको सम्बन्धमा दुईवटा फरक-फरक वित्तिय प्रतिवेदन किन दिएको भन्ने प्रश्नप्रति स्पष्टता पार्दै सभापतिज्यूले यस कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. रहेको तथा प्रचलित कानून तथा कम्पनी ऐन अनुसार सो सहायक कम्पनीको वित्तिय प्रतिवेदन समेत मुख्य कम्पनीको वित्तिय प्रतिवेदनमा समेटेर एकीकृत रूपमा संयुक्त वित्तिय प्रतिवेदन तयार गर्ने व्यवस्था भए बमोजिम एकीकृत वित्तिय प्रतिवेदन समावेश गरिएको हो । सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. को मुख्य आम्दानीको श्रोत "सोल्टी" ब्राण्डबाट हुने रोयल्टी हो, जसलाई अन्य कम्पनीहरूले ब्राण्ड प्रयोग गर्दा उक्त कम्पनीलाई रोयल्टी भुक्तानी गर्नुपर्दछ ।

५ सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. को एसोसिएट कम्पनी स्ट्रीम पीक इन्टरनेशनल प्रा. लि. मा लगभग २४% शेयर लगानी समेत रहेको छ । उक्त कम्पनीबाट प्राप्त हुने लाभांश यस कम्पनीको आम्दानीमा समावेश हुने गर्दछ ।

६ कम्पनीको वार्षिक प्रतिवेदन पुरै नेपाली भाषामा हुनुपर्ने र लेखापरीक्षण प्रतिवेदन समेत नेपालीमा तयार गर्नुपर्ने भन्ने विषयमा हामी त्यसप्रति सचेत छौं । आगामी दिनहरुमा पनि यस प्रति ध्यान दिदैं पुरै नेपाली भाषामा वार्षिक प्रतिवेदन तयार गर्नेछौं ।

७ शेयरधनी महानुभावहरूले मन्तब्यको क्रममा अभिव्यक्त गर्नु भएको कम्पनीको कर्पोरेट सामाजिक उत्तरदायित्वको विषयमा कम्पनीले एक करोड रुपैयाँ दुई बाल अस्पताल, काठमाण्डौं बाल स्वास्थ्य प्रतिष्ठान, काठमाण्डौं र दमक स्थीत बाल अस्पतालहरुलाई कर्पोरेट सामाजिक उत्तरदायित्व बाट योगदान गरेको छ भन्नु भयो । कम्पनीले कर्पोरेट सामाजिक उत्तरदायित्वको योगदान औपचारिक रुपमा खर्च हुने भएकोले काठमाडौं बाल स्वास्थ्य प्रतिष्ठानमा बालबालिकाहरुको स्वास्थ्यका लागि योगदान दिएको हो । आगामी दिनहरुमा पनि कम्पनीले आवश्यक मूल्याङ्कन गरी कम्पनीणे कर्पोरेट सामाजिक उत्तरदायित्वको बैधानिक व्यवस्था अनुरुप योगदान गर्नेछ भन्नु भयो ।

८ शेयरधनी महानुभावहरूले मन्तब्यको क्रममा अभिव्यक्त गर्नु भएको नगद लाभांश र बोनस शेयर वितरण गर्न सिफारिसको प्रतिशतमा ठूलो अन्तर रहेको भन्ने सम्बन्धमा शेयरधनीहरुको लागि नगद लाभांश पनि प्राथमिकतामा पर्ने कुरा हो । कम्पनीबाट प्राप्त हुने प्रतिफल लाभांश लाई हेर्दा समग्रमा हेर्नुपर्ने हुन्छ । यस विषयमा कम्पनीको सञ्चालक समितिमा विस्तृत छलफल तथा विचार विमर्श पश्चात मात्र संचालक समितिले नगद लाभांश र बोनस शेयरको प्रतिशत सिफरिस गरेको जानकारी गराउनु भयो ।

९ शेयरधनी महानुभावहरूले मन्तब्यको क्रममा अभिव्यक्त गर्नु भएको कम्पनीले आफ्नै होटेलमा वार्षिक साधारण सभा किन नगरेको भन्ने सम्बन्धमा स्मरणीय छ कि कम्पनीको शेयर सर्वसाधारणलाई जारी गरी सार्वजनिक रुपमा सर्वसाधारणमा गएपछिको पहिलो १९औं बार्षिक साधारण सभा २०५० सालगा यसै प्रेक्षालयगा गरेका थियौं । बिगलका धेरै बर्ष सग्ग हामीले आफ्नै सोल्टी होटेल परिसरको सभा भवन मेघा मल्हार प्रेक्षालयमा बार्षिक साधारण सभाहरु गरेको पनि थियौं । कम्पनीका शेयरधनीहरुको संख्या निकै धेरै हुँदै गएपछि ठूला सभाहलहरुमा बार्षिक साधारण सभा गर्ने निर्णय गरिएको हो । होटलको क्षमता भन्दा कम्पनीका शेयरधनीहरुको संख्या धेरै भएकोले नै सोल्टी होटेल मा वार्षिक साधारण सभा गर्न सम्भव छैन । ठूला र फराकिला प्रेक्षालयमा वार्षिक साधारण सभा गरी सबै शेयरधनीहरुलाई समेट्ने प्रयास गरिएको विषयलाई शेयरधनीहरुले अन्यथा लिनु भएन ।

१० कम्पनीका स्वतन्त्र संचालक, श्री दिपकराज जोशी ज्यूको राजिनामा सन्दर्भमा श्री दिपकराज जोशीज्यू नेपाल पर्यटन बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त हुनुभएकोले वहाँले कम्पनीको संचालक समितिबाट राजिनामा दिनुभएको हो ।

११ नेपाल वायुसेवा निगमबाट उठ्नुपर्ने रकम नउठाएको भन्ने सन्दर्भमा नेपाल वायुसेवा निगम संग यस कम्पनीको निरन्तर व्यावसायीक कारोवार हुने गर्दछ र कम्पनीको समिक्षा आर्थिक वर्ष अन्त्य हुँदाको दिनमा नियमित भुक्तानी लिन बाँकी रकम वित्तिय विवरणमा देखिएको हो अहिले उक्त रकम उठिसकेको समेत जानकारी सभा समक्ष गराउनु भयो ।

१२ कम्पनीको कानूनी तथा व्यवसायिक खर्चको सन्दर्भमा सबै खर्च कानूनी खर्च मात्र नभई होटल संचालनको क्रममा आवश्यक पर्ने विशेषज्ञ तथा सल्लाहकार जस अर्न्तागत डिजाईनर, आर्किटेक्चर, अन्य सल्लाहकार आदीको सम्पूर्ण खर्चहरुको विवरण त्यो शिर्षकमा रहेको हुन्छ भन्नु भयो ।

१३ संचालक समितिको खर्चको सम्बन्धमा सञ्चालक समिति तथा त्यसका उप समितिहरुको बैठक भत्ता बापत भुक्तानी गरेको कुल खर्च भएको सभामा प्रष्ट पार्नुभयो ।

१४ अन्त्यमा, सभामा पावर र फ्युलमा हुने खर्चको सम्बन्धमा ती खर्चहरु भनेको होटलमा जडित उपकरणहरुको संचालनको खर्च भएको र होटल व्यवसाय क्षेत्रमा जुनसुकै होटलमा पनि त्यस्तो खर्च हुने नै गर्दछन् तथापी कम्पनीले ५०० किलो वाटको सोलार पावर समेत जडान गरी पावर र फ्युल खर्चमा न्यूनिकरण गरी रहेको छ भन्नुभयो ।

अन्त्यमा कम्पनीका कार्यकारी अध्यक्षज्यूले सभामा सहभागी सबै शेयरधनीमहानुभावहरुमा हार्दिक शुभकामना तथा धन्यवाद दिनुहुँदै आफ्नो प्रत्युत्तरको क्रम समाप्त गर्नुभयो ।

तदन्तर, सभापतिज्यूले शेयरधनी महानुभाबहरुको जिज्ञाशा र प्रश्नहरुको प्रत्युत्तर दिनुभए पश्चात् सभा समक्ष बाँकी छलफलको निर्धारित विषय सूचीका प्रस्तावहरु प्रस्तुत गर्नुभएको थियो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति

# अनुसूची ४

*(५०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १३(क)४ संग सम्बन्धित)*

**लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्षबाट लेखापरीक्षक नियुक्ति सम्बन्धी सिफारिशको प्रस्तूती**

५०औं साधारण सभाका सभापतिको अनुमतीले कम्पनीका लेखापरीक्षण समितिको तर्फबाट सो समितिका अध्यक्ष, **श्री रवि भक्त श्रेष्ठज्यू**ले सभा समक्ष कम्पनीको बैधानिक तथा कर लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धी प्रस्तावको बिषयमा निम्नलिखित लेखासमितिको सिफारिश प्रस्तुत गर्नु भएको थियो :–

कार्यकारी अध्यक्ष तथा सभाका सभापति महोदय,
सहकर्मी संचालक समितिका सदस्यज्यूहरु,
आदरणीय शेयरधनी महानुभावज्यूहरु,
कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधिज्यू,
व्यवस्थापन समुहका पदाधिकारीज्यूहरु,
कानूनी सल्लाहकार, र लेखापरीक्षकज्यूहरु,
तथा वेबिनार भर्चुवल कन्फरेन्सको माध्यमबाट र भौतिक रुपमा यहाँ उपस्थित महिला एवं सज्जनबृन्द,

आदरणीय शेयरधनी महानुभावहरु यहाँहरुलाई कम्पनीको यस ५०औं वार्षिक साधारण सभामा म, लेखापरिक्षण समिति तथा कम्पनीको तर्फबाट यस स्वर्णिम बिहानीमा हार्दिक स्वागत गर्दै अभिवादन तथा अभिनन्दन गर्दछु ।

चालू आर्थिक वर्ष २०८१/८२ को लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक विषयको सम्बन्धमा मिति २०८१ कार्तिक १ गते बिहीबारका दिन कम्पनीको लेखापरीक्षण समितिको ८९औं बैठकमा बिस्तृत छलफल भई कम्पनीको मिति २०८१ कार्तिक १३ गते मंगलबारका दिन बसेको संचालक समितिको २५३औं बैठकमा लेखापरीक्षण समितिले संचालक समिति समक्ष प्रतिवेदन समेत पेश गरेको जानकारी गराउंदछु ।

कम्पनीका वर्तमान वैधानिक लेखापरीक्षक श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस् काठमाण्डौंको कार्यकाल ५०औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त हुँदैछ ।

शेयरधनी महानुभावहरु समक्ष निवर्तमान लेखापरीक्षक श्री जे.बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्को कार्यकाल पहिलो वर्ष पुरा भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा ३ को प्रावधान बमोजिम निजहरुको पुर्ननियुक्ति हुन सक्ने कानुनी प्रावधान रहेको जानकारी गराउदै कम्पनी ऐन, २०६३ को दफा ११२ बमोजिम कम्पनीको लेखापरीक्षकमा नियुक्त हुन निजहरु योग्य भएको कुराको जानकारी उहाँहरुले कम्पनीलाई लिखित रुपमा गराउनु भएको समेत सभा समक्ष निवेदन गर्दछु ।

आर्थिक वर्ष २०८१/८२ को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा विस्तृत छलफल पश्चात् साविक वैधानिक लेखापरीक्षक श्री जे.बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्को कार्यसम्पादन सन्तोषजनक रहेको मुल्यांकन तथा निष्कर्ष सहित र निज चार्टर्ड एकाउन्टेन्टस् संस्थालाई नै चालु आर्थिक वर्ष २०८१/८२ को लागि कम्पनीको वैधानिक लेखापरीक्षकमा पुनःनियुक्त गर्न शिफारिश गर्ने लेखापरीक्षण समितिबाट सर्वसम्मत निर्णय भई कम्पनीको यस ५०औं वार्षिक साधारण सभा समक्ष अनुमोदन एवं प्रस्ताव पारित गर्नका लागि पेश गर्ने निर्णय भए बमोजिम साविक वैधानिक लेखापरीक्षक **श्री जे.बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्**लाई वैधानिक लेखापरीक्षक र कर लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई यस सभाबाट पारित गर्नका लागि हार्दिक अनुरोध गर्दछु ।

साथै, **श्री जे. बि. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्**को पारिश्रमिकको सम्बन्धमा लेखापरीक्षण समितिमा विस्तृत छलफल पश्चात गत आर्थिक वर्षको लेखापरीक्षण शुल्कमा कुनै वृद्धि नगरी चालू आर्थिक वर्ष २०८१/८२ को लागि कम्पनीको वैधानिक लेखापरीक्षण तथा कम्पनीका सबै आवश्यक अनुपालन प्रतिवेदनहरुको परीक्षण र प्रमाणीकरण समेत गर्नको लागि मुल्य अभिवृद्धि कर बाहेक **रु.४,९५,०००** (रुपैयाँ चार लाख पन्चानब्बे हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) र कम्पनीको चालू आर्थिक वर्ष २०८१/८२ को कर लेखापरीक्षण गर्नको लागि मुल्य अभिबृद्धि कर बाहेक **रु. १,१०,०००** (रुपैयां एक लाख दश हजार मात्र) पारिश्रमिक (कर लेखापरीक्षण शुल्क) निर्धारण गर्न सिफारिश गरी यस ५०औं वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय भए बमोजिम प्रस्तुत चालू आर्थिक वर्ष २०८१/८२ को लागि कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धी यस प्रस्तावलाई यस सभाबाट स्वीकृत गरी पारित गर्न, म यस सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

तत्पश्चात सभाका सभापतिले उपरोक्त बमोजिम कम्पनीको ५०औं वार्षिक साधारण सभा समक्ष पेश भएको कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सामान्य प्रस्तावलाई सो सभाबाट पारित गरियोस भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**